नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395



● वर्ष ४ ● अंक २१६ ● २०८३ साल असार १० गते बुधबार ● Wednesday 24, June 2026 ● सूर्योदयः बिहान ०५:१२ बजे ● सूर्यास्तः साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## अतिक्रमित ८ हेक्टर जग्गा खाली गराइयो

**मधेशदृष्टि**
**कलैया।**
बाराको निजगढ नगरपालिका–२ स्थित सिङ्गौल वन क्षेत्रभित्र अतिक्रमणमा परेको करिब ८ हेक्टर वन भूमि डिभिजन वन कार्यालय बाराले सोमबार खाली गराएको छ । सुरक्षा निकायको समन्वयमा सञ्चालन गरिएको अभियानमार्फत वन क्षेत्रमा बनाइएका घरटहरा हटाएर भूमि पुनः वनको स्वामित्वमा ल्याइएको हो।

डिभिजन वन कार्यालय बाराका प्रमुख सुजीत कुमार झाका अनुसार बिहान ७ बजेदेखि सुरु भएको अतिक्रमण हटाउने अभियान हिजो साँझ ४ बजेसम्म सञ्चालन गरिएको थियो । अभियानका क्रममा वन क्षेत्रभित्र निर्माण गरिएका ११ वटा घरटहरा हटाइएको उनले बताए । वन कार्यालयले यसअघि पनि उक्त क्षेत्रमा फैलिएको अतिक्रमण हटाउन कानुनी प्रक्रिया अघि बढाएको थियो।

कार्यालयले दायर गरेको मुद्दामा अदालतबाट पक्षमा फैसला आएपछि गत वर्ष १३ हेक्टर क्षेत्रफलमा लगाइएका खेतीबाली हटाएर उक्त भूमि पुनः वन क्षेत्रमा समावेश गरिएको थियो । सो क्षेत्रमा वृक्षारोपण कार्यक्रमसमेत सञ्चालन गरिएको कार्यालयले जनाएको छ।




**बन्दसत्र जारीः** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशनअन्तर्गत मङ्गलबार चितवनमा आयोजित बन्दसत्र। तस्बिरः चन्द्रकला क्षेत्री

# मल र सिँचाइ अभावले मधेशका किसान चिन्तित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
असार सुरु भएसँगै मधेशका किसानहरू धान रोपाइँमा व्यस्त भएका छन्। तर रोपाइँको मुख्य समयमा रासायनिक मलको अभाव र पर्याप्त सिँचाइ सुविधा नहुँदा किसानहरू समस्यामा परेका छन्।

मधेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरी, बारा र रौतहट जिल्लामा ठूलो क्षेत्रफलमा धान खेती हुने भए पनि यस वर्ष अनियमित वर्षा र कमजोर सिँचाइ व्यवस्थाले किसानको चिन्ता बढाएको छ। अधिकांश किसान आकाशे पानीको भरमा खेती गर्न बाध्य छन् । पर्याप्त वर्षा नहुँदा खेतमा आवश्यक पानी पुग्न सकेको छैन भने मल अभावले रोपिएको धानको स्याहारमा कठिनाइ थपिएको छ।

जनकपुरधाम उपमहानगरपालिका–२० का किसान विजयप्रसाद राउतले केही खेतमा रोपाइँ सम्पन्न गरे पनि मल नपाउँदा समस्या भएको बताए। उनका अनुसार डिपोमा जाँदा मल अभावको कारण देखाएर फर्काइने गरिएको छ।

जनकपुरधाम–२४ का बद्री साहले अरूको बोरिङको सहायताले रोपाइँ गरे पनि आवश्यक मल नपाएको गुनासो गरे। समयमै पानी र मल उपलब्ध नहुँदा उत्पादनमा असर पर्ने चिन्ताले आफूहरू सताएको उनले बताए।

महोत्तरीको जलेश्वर उपमहानगरपालिका–१० का राघव ठाकुरले पनि सिँचाइ र मलको अभावले खेतीपाती गर्न कठिन भएको बताए । बलवा नगरपालिका–७ का सीताशरण पण्डितले निर्वाचनका बेला किसानका समस्या समाधान गर्ने प्रतिबद्धता जनाउने नेताहरू अहिले किसानको दुःखप्रति बेखबर बनेको आरोप लगाए।

मधेश प्रदेशभर यस्तै समस्या देखिएको किसानहरूको भनाइ छ । विशेषगरी सिँचाइ पूर्वाधार कमजोर भएका ग्रामीण क्षेत्रमा किसानहरू वर्षाको प्रतीक्षामा बस्न बाध्य छन्।

यता मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बर्खे धान खेतीलाई लक्षित गर्दै ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल प्रदेशका १३६ वटै स्थानीय तहमा पठाइसकिएको जनाएको छ । मन्त्रालयका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत प्राप्त मल स्थानीय तहसम्म वितरण गरिएको छ।

तर स्थानीय स्तरमा भने मल सहज रूपमा किसानसम्म पुग्न सकेको छैन । जनकपुरधाम उपमहानगरपालिका–२३ का डिपो सञ्चालक कैलाश साहका अनुसार स्थानीय तहबाट आवश्यक प्रक्रिया पूरा नभएकाले मल वितरणमा ढिलाइ भएको छ।

*बाँकी पृष्ठ २ मा*

## जनकपुरधाममा गुठी जग्गा संरक्षणको बहस पुनः चर्कियो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मठमन्दिर, सरोवर र धार्मिक सम्पदाको नगरका रूपमा परिचित जनकपुरधाममा गुठीका जग्गा तथा सार्वजनिक सम्पत्तिको संरक्षणको विषय फेरि चर्चामा आएको छ । विगतका विभिन्न राजनीतिक परिवर्तनपछि गुठीअन्तर्गतका जग्गा क्रमशः अतिक्रमणमा पर्दै गएको आरोप लाग्दै आएको छ। यद्यपि अतिक्रमित जग्गा फिर्ता गर्ने र व्यवस्थापन गर्ने विषयमा पटक–पटक छलफल भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

संघीय सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी सय बुँदे कार्ययोजनामा सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रणलाई प्राथमिकतामा राखेपछि जनकपुरधाममा यस विषयमा नयाँ बहस सुरु भएको हो। गुठी संस्थानले पनि मठमन्दिर, पोखरी तथा गुठीका अन्य जग्गामा अवैधरूपमा निर्माण गरिएका संरचना हटाउन र कब्जा गरिएका क्षेत्र खाली गर्न

*बाँकी पृष्ठ २ मा*

## सरकारमा सहभागी हुनु आत्मघाती निर्णय भएको जनमतको निष्कर्ष




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनमत पार्टीले स्पष्ट बहुमत नहुँदै सरकारमा सहभागी हुनु पार्टीका लागि गम्भीर राजनीतिक भूल सावित भएको निष्कर्ष निकालेको छ। पार्टीको जेठ २४ र २५ गते सम्पन्न केन्द्रीय समितिको बैठकमा अध्यक्ष डा. सीके राउतद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनले सरकारमा सहभागिता र मन्त्रीहरूको कार्यशैलीमाथि कडा समीक्षा गरेको हो।

प्रतिवेदनमा सरकारमा सहभागी भएपछि पार्टीको संगठन विस्तार प्रभावित भएको, कार्यकर्तामा निराशा बढेको तथा पार्टीभित्र पदलोलुप प्रवृत्ति मौलाएको उल्लेख गरिएको छ। सांसद तथा जनप्रतिनिधिहरू मन्त्री बन्ने होडमा लागे पनि संगठन निर्माण र विस्तारमा अपेक्षित भूमिका निर्वाह नगरेको प्रतिवेदनको

*बाँकी पृष्ठ २ मा*

## उच्च अदालत जनकपुरमा मुद्दा सुनुवाइको प्रत्यक्ष प्रसारण सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
उच्च अदालत जनकपुरले मुद्दाको सुनुवाइ युट्युबमार्फत प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था सुरु गरेको छ। अदालतले बन्द इजलासमा हुने सुनुवाइबाहेक अन्य सबै मुद्दाको बहस तथा सुनुवाइ प्रत्यक्ष प्रसारण गरिने जनाएको छ।

नयाँ व्यवस्थाअन्तर्गत पहिलो दिन तीनवटा मुद्दाको सुनुवाइ अदालतको आधिकारिक युट्युब च्यानलमार्फत प्रत्यक्ष प्रसारण गरिएको छ। अदालतका अनुसार यस कदमले न्यायिक प्रक्रियालाई थप पारदर्शी, खुला र नागरिकमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उच्च अदालत जनकपुरले उपलब्ध प्रविधिको अधिकतम प्रयोग गर्दै नागरिकको कानुनी सूचनाको हक सुनिश्चित गर्न आफू प्रतिबद्ध रहेको जनाएको छ । यसअघि पनि अदालतले प्रविधिमैत्री सेवाको विस्तार गर्दै अनलाइन माध्यमबाट बहस गर्ने व्यवस्था लागू गरिसकेको थियो।

सो व्यवस्थाअनुसार नेपालभित्र वा विदेशमा रहेका कानुन व्यवसायीहरूले भिडियो कन्फरेन्समार्फत मुद्दामा बहस गर्न सक्ने सुविधा पाएका छन्। त्यसका लागि अदालतका प्रत्येक इजलासमा एलईडी स्क्रिन, क्यामेरा तथा आवश्यक प्राविधिक उपकरण जडान गरिएको छ।

अदालतले सूचना प्रविधिको प्रयोगमार्फत न्याय सेवामा पहुँच विस्तार, पारदर्शिता अभिवृद्धि तथा सेवाग्राहीलाई सहजता प्रदान गर्ने उद्देश्यले यस्ता प्रविधिमैत्री अभ्यासलाई निरन्तरता दिँदै आएको जनाएको छ।




## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यलय,बसपार्क,वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुन:७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति२०८१/१०/२३ को मधेशदृष्टिराष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/१२/२० को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिनेलिलाम सुचना, दोस्रो पटक मिति २०८२/०९/०२ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिनेलिलामसूचना, तेस्रो पटक मिति २०८२/०९/१७को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलामी सुचना तथा चौधो पटक मिति २०८२/१०/०६को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलाम सुचनाप्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन) अर्थात मिती २०८३/०३/१७ गते बुधवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विरगंज, पर्सामा मिति २०७१/०१/२४ गते प्रा.फ.र.नं.३२२०२/०७०/०७१ दर्ता भै,सखुवा प्रसौनी गा.पा.,महुवन वडा नं. ०५ पर्सा कार्यालय रहेको **महाविर ट्रेड कन्सर्न (प्रोप्राइटर - राज कपुर साहतेली)।**

**कर्जाको प्रकार:-व्यवसायीक अधिविकर्ष कर्जा , व्यवसायीक डिमान्ड कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४-०१-७६-१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३५ को रुमा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०६ स्थित किता नं १५४ र १५५ को जम्मा क्षेत्रफल क्रमश: ०-४-०-० र ०-४-०-० को घर जग्गाहरु।

ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१ ,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को जयगोविन्द सा तेलीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०३ स्थित किता नं ५६ को जम्मा क्षेत्रफल ०-१-६-० को घर जग्गा।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क)जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने ( ना.प्र.न. ३४०१७६१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३६ को **रुमा देवी साह।**

ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को **जयगोविन्द सा तेली।**

ग)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गाविस महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनिगा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ५७९६१७३४, जारी मिति २०५९/११/२०, पर्सा) बर्ष ३९ को **राज कपुर साह (तेली)।**

घ)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गा.वि.स. महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनि गा.पा. वडा नं. ०५, बस्ने(ना.प्र.न. ५७९४१६७१ ,जारी मिति २०५८/०५/२१, पर्सा) बर्ष ४१ को **अनिल कुमार साह।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्तीअनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३अषाढ१६गते मंगलवारदिउँसो ४:०० बजे सम्म।**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३अषाढ१७गते बुधबार दिउँसो ४:०० बजे देखि।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज , बदननगर (बिरगंज), बरहथवा( सर्लाही) , बर्दिबास (महोतरी)।


# दशकअघि खुला दिसामुक्त घोषणा, मुसहर बस्ती अझै शौचालयविहीन



**जनकपुरधाम।**
नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको करिब ८ वर्ष बितिसक्दा पनि धनुषाको एक मुसहर दलित बस्तीका स्थानीय अझै खुला स्थानमा शौच गर्न बाध्य छन्।

सरकारको खुला दिसामुक्त अभियान र सरसफाइ क्षेत्रमा गरिएको लगानीका बाबजुद धनुषाको सहिदनगर नगरपालिका–५ स्थित पचहर्वा मुसहर बस्तीका अधिकांश परिवार खुला स्थानमा शौच गर्न बाध्य छन्।

सो बस्तीका उर्मिला सदाका लागि खुला स्थानमा शौच गर्नु दैनिक जीवनको बाध्यता बनेको छ। घरमा शौचालय नहुँदा उनी राति वा बिहान सबेरै अँध्यारोमा शौच गर्न खेततिर जान्छिन्। खुला ठाउँमा शौच गर्दा लाज लाग्छ, कतिपय खेतधनीले गालीसमेत गर्छन्, उनी भन्छिन्, यो समस्या महिलाका लागि झन् जटिल बनेको छ।

एक सयभन्दा बढी घरधुरी रहेको उक्त बस्तीमा तीन घरमा मात्र शौचालय रहेको छ। बाँकी परिवारले वर्षौंदेखि खेतबारी, बाँसघारी र खोल्साका किनारामा दिसापिसाब गर्दै आएका छन्। उक्त वडा २०७५ सालमै खुला दिसामुक्त घोषणा गरिएको थियो। तर दलित समुदायको यो बस्ती भने सरसफाइ सुविधाको पहुँचबाट टाढै रहेको छ। स्थानीय शोभेन्द्र सदाका अनुसार बस्तीमा करिब ३७० जनाको बसोबास छ। वृद्धवृद्धा, महिला, पुरुष र बालबालिकासमेत खुला स्थानमै शौच गर्न बाध्य छन्। कतिपय परिवारसँग शौचालय निर्माणका लागि आवश्यक जग्गा छैन भने कतिपयले आर्थिक अभावका कारण निर्माण गर्न नसकेको स्थानीय परमदेवी सदाको भनाइ छ।

केहीले भने सरकारी सहयोगको आशामा शौचालय निर्माण नगरेको उनी बताउँछन्। परमदेवीका अनुसार महिला राति पुरुष सुतेपछि वा बिहान उज्यालो हुनुअघि खेततिर जान बाध्य छन्।

खुला ठाउँमा बस्दा सर्प तथा विषालु किराको डर हुन्छ, कसैले देख्ला कि भन्ने चिन्ता पनि उत्तिकै हुन्छ, उनी भन्छिन्, वर्षायाममा खेत डुबान हुँदा समस्या अझ गम्भीर बन्ने गर्छ। उक्त बस्तीका अधिकांश परिवार सुकुम्वासी छन्। उनीहरूसँग न पर्याप्त जग्गा छ, न शौचालय निर्माण गर्न आवश्यक आर्थिक स्रोत नै। बसोबास गरिरहेको सानो घरबाहेक अन्य जमिन नभएकाले ती बस्तीका स्थानीय अरुको खेतबारीमा निर्भर हुनुपरेको छ। यसले सरसफाइ मात्र होइन, मानव मर्यादा र सुरक्षासँग सम्बन्धित प्रश्न उठाएको स्थानीय रामदयाल सदाको भनाइ छ।

रामदयालका अनुसार खुला दिसापिसावका कारण बस्ती वरपरको वातावरण फोहर बन्दै गएको छ। शौचालय अभावका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगको जोखिम बढेको छ, उनी भन्छन्, सरसफाइको कमीले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित हुने गरेका छन्। हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव रामदयाल सदाका अनुसार सहिदनगर नगरपालिकामा मात्रै एक हजारभन्दा बढी परिवार शौचालयविहीन छन्।

धनुषाको सबैला नगरपालिका, विदेह नगरपालिका, मिथिला विहारी नगरपालिका तथा क्षीरेश्वरनाथ नगरपालिकालगायत स्थानीय तहका विपन्न बस्तीमा अझै शौचालयको समस्या रहेको उनको भनाइ छ।

नेपाललाई २०७५ सालमा खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो। त्यसबेला दक्षिण एसियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेको दाबी गरिएको थियो। तर पचहर्वा मुसहर बस्तीको यथार्थले घोषणाको प्रभावकारितामाथि प्रश्न उठाएको छ।

सरसफाइ अभियानका नाममा अर्बौं रुपैयाँ खर्च भए पनि विपन्न, दलित र सुकुमवासी समुदायसम्म आधारभूत सुविधा पुग्न नसक्नु चुनौतीका रूपमा देखिएको सहिदनगर नगरपालिकाका स्थानीय युवा कमलेश यादव बताउँछन्। विपन्न दलित समुदायको आधारभूत सरसफाइको अधिकार सुनिश्चित नभएसम्म खुला दिसामुक्त राष्ट्रको उपलब्धि पूर्ण रूपमा सार्थक हुन नसक्ने उनको भनाइ छ। रासस

## मल र सिँचाइ अभावले...

हाल उपलब्ध सीमित मौज्दातबाट वितरण भइरहे पनि मागअनुसार आपूर्ति हुन नसकेको उनले बताए।मन्त्रालयका मलसम्बन्धी गुनासो हेर्ने अधिकारी रवि बस्नेतले विभिन्न पालिकाबाट डिपोसम्म मल नपुगेको गुनासो प्राप्त भइरहेको स्वीकार गर्दै समन्वयमार्फत छिट्टै सबै स्थानमा मल उपलब्ध गराउने प्रयास भइरहेको जानकारी दिए।

मधेशमा धेरै किसानले बटैयामा जग्गा लिएर खेती गर्ने गरेका छन्। धनुषाको माची झिटकैयाका रघुवीर यादवले मल र सिँचाइ अभावका कारण उत्पादन घट्ने तथा लागत बढ्ने हुँदा बटैया किसानहरू थप समस्यामा पर्ने बताए। अधिकांश बोरिङ र ट्युबवेल सञ्चालनमा नरहेकाले किसानहरू अझै पनि आकाशे पानीकै भरमा खेती गर्न बाध्य रहेको उनले बताए।

धान रोपाइँको महत्वपूर्ण समयमा देखिएको मल र सिँचाइ संकट समाधान हुन नसके मधेश प्रदेशको कृषि उत्पादनमा प्रत्यक्ष असर पर्न सक्ने किसान तथा कृषि क्षेत्रका सरोकारवालाहरूको चिन्ता छ।

## सरकारमा सहभागी हुनु आत्मघाती निर्णय...

निष्कर्ष छ।

अध्यक्ष राउतले सांसदहरू पार्टीले खटाएको क्षेत्रमा नजाने, संगठनात्मक जिम्मेवारीप्रति उदासीन रहने तथा पार्टी निर्देशनसमेत अवज्ञा गर्ने प्रवृत्ति बढेको उल्लेख गरेका छन्। पूर्वमन्त्रीहरूको कार्यशैलीप्रति समेत केन्द्रीय सदस्यहरूले असन्तुष्टि व्यक्त गर्दै उनीहरूलाई पार्टीको अग्रपंक्तिमा नराख्न सुझाव दिएको प्रतिवेदनमा जनाइएको छ।

प्रतिवेदनमा मधेश प्रदेश सरकारमा सहभागी भएको पहिलो वर्ष पार्टीका धेरै सांसद तथा नेताहरू सरकारका गतिविधिबारे समेत अनभिज्ञ रहेको उल्लेख गरिएको छ। जनताको अपेक्षाअनुसार काम हुन नसकेको र सरकारबाट पार्टीले राजनीतिक लाभ लिन नसकेको निष्कर्ष निकालिएको छ।

सरकारमा रहेर केही सकारात्मक काम भए पनि त्यसको प्रभावकारी प्रचार हुन नसकेको तथा उपलब्धिभन्दा विवाद बढी सिर्जना भएको विश्लेषण प्रतिवेदनमा गरिएको छ। संगठन सुदृढीकरण र विस्तारको दृष्टिले सरकारमा सहभागिताले कुनै उल्लेखनीय उपलब्धि हासिल गर्न नसकेको जनमत पार्टीको मूल्यांकन छ।

बजेट विनियोजनका क्रममा पार्टीमाथि विभेद गरिएको आरोप पनि प्रतिवेदनमा लगाइएको छ। मधेश प्रदेशका विभिन्न वडाबाट संकलित हजारौं योजनामध्ये सीमित योजना मात्र बजेटमा समेटिएको र पार्टीले सिफारिस गरेका अधिकांश कार्यक्रम कटौती गरिएको उल्लेख छ।

प्रतिवेदनमा राहत उद्धार स्वयंसेवक कार्यक्रम, स्वर्गीय राममनोहर पार्क तथा महिला उज्ज्वला कार्यक्रमजस्ता लोकप्रिय योजनाहरू समेत हटाइएकाले कार्यकर्तामा असन्तुष्टि बढेको उल्लेख गरिएको छ।

पछिल्लो चरणमा मधेश सरकारमा सहभागी हुँदा पनि पार्टीका कार्यक्रम कार्यान्वयन नभएको, आफ्ना योजनाहरू रोकिएको तथा विभिन्न नियुक्तिमा समेत पार्टीको भूमिका कमजोर बनाइएको आरोप प्रतिवेदनमा छ।

मन्त्रीहरूले पार्टी सचिवालयसँग समन्वय नगरेको, स्वकीय सचिव नियुक्ति लगायतका विषयमा पार्टीलाई जानकारी नदिएको तथा आफ्ना कमजोरी ढाकछोप गर्न पार्टी नेतृत्वमाथि दोषारोपण गरेको उल्लेख गरिएको छ।

यसैगरी, मन्त्रीहरूले विकास योजनाको कार्यान्वयनमा समेत अपेक्षित सक्रियता देखाउन नसकेको प्रतिवेदनमा उल्लेख छ।

पार्टीले सरकारबाट बाहिरिने निर्णय गरिसकेपछि पनि केही मन्त्रीहरू पदमा रहिरहन इच्छुक देखिएको भन्दै नेतृत्वले असन्तुष्टि जनाएको छ।

समग्रमा बहुमतको सुनिश्चितता बिना सरकारमा सहभागी हुने निर्णय र त्यसपछिको मन्त्रीहरूको कार्यशैलीका कारण जनमत पार्टी राजनीतिक रूपमा कमजोर बनेको निष्कर्ष राजनीतिक प्रतिवेदनले निकालेको छ।

## जनकपुरधाममा गुठी जग्गा संरक्षणको...

सार्वजनिक सूचना जारी गरेको छ।

धार्मिक तथा सांस्कृतिक महत्व बोकेको जनकपुरधाममा गुठीको सम्पत्ति संरक्षणको विषय लामो समयदेखि विवाद र चिन्ताको विषय बन्दै आएको छ। प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले समेत पटक–पटक जनकपुरका गुठी जग्गा अतिक्रमणको विषय उठाउँदै आएका छन्। तर, संसदमा बहस भए पनि व्यवहारिक सुधार भने अपेक्षित रूपमा हुन नसकेको स्थानीयको भनाइ छ।रत्नसागर मन्दिरको जग्गा व्यवस्थापन र सञ्चालनलाई लिएर पनि विवाद कायम छ। मन्दिरसँग सम्बन्धित विभिन्न मुद्दा अदालतसम्म पुगेका छन् भने मन्दिरको सम्पत्ति संरक्षणबारे प्रश्न उठ्दै आएका छन्। गुठी संस्थानले मन्दिरको नियमित पूजा–पाठ र व्यवस्थापनलाई निरन्तरता दिन वैकल्पिक व्यवस्थापन गरेको जनाएको छ।

स्थानीय सरोवर र पोखरीहरूको अवस्था पनि चिन्ताजनक रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्। विगतमा जनकपुरधामलाई ५२ पोखरीको सहरका रूपमा चिनिने गरिन्थ्यो। तर समयक्रममा केही ऐतिहासिक पोखरी लोप भएका छन् भने कतिपय क्षेत्रमा बस्ती, व्यापारिक भवन तथा अन्य संरचना निर्माण भएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत गठित एक अध्ययन समितिले धनुषा जिल्लामा मात्रै ठूलो परिमाणमा गुठी जग्गा अतिक्रमणमा परेको उल्लेख गरेको थियो। यद्यपि वास्तविक अतिक्रमणको परिमाण अझ बढी हुन सक्ने अनुमान गरिए पनि अद्यावधिक तथ्यांक अभाव रहेको सरोकारवालाहरू बताउँछन्।गुठी संस्थानले अवैध कब्जा हटाउने प्रक्रिया अघि बढाएपछि गुठीको जग्गा खरिद गरेर वा बसोबास गर्दै आएका केही स्थानीयवासीमा चिन्ता बढेको छ। उनीहरूले वैकल्पिक व्यवस्थापन र उचित समाधानको माग गर्दै विभिन्न माध्यमबाट आफ्नो आवाज उठाइरहेका छन्।

धार्मिक सम्पदा, ऐतिहासिक पोखरी र सार्वजनिक महत्वका जग्गाको संरक्षणसँग जोडिएको यो विषयले अब कानुनी, सामाजिक र मानवीय पक्षलाई सन्तुलनमा राखेर समाधान खोज्नुपर्ने आवश्यकता देखिएको छ। जनकपुरधामको मौलिक पहिचान जोगाउन गुठी सम्पत्तिको संरक्षण र प्रभावकारी व्यवस्थापन अपरिहार्य बनेको सरोकारवालाहरूको धारणा छ।

## भाषणमा स्थान पाएको निजगढ विमानस्थलको

# बजेट नछुट्याइँदा मधेशबासी निराश




**मधेशदृष्टि**
**कलैया ।**
सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको विषयलाई बजेट भाषणमा उल्लेख गर्दा खुशी भएका मधेशका बासिन्दा, विमानस्थलका लागि बजेट नछुटयाइएपछि भने निराश बनेका छन् ।
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदमा प्रस्तुत गरेको बजेट भाषणमा निजगढ विमानस्थल निर्माणको मोडालिटी ६ महिना भित्र टुङ्गो लगाउने घोषणा गरिएको थियो । तर, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको वार्षिक विकास कार्यक्रममा भने निजगढ विमानस्थलका लागि बजेट परेको छैन । मन्त्रालयले नेपाल नागरिक उड्डयन प्राधिकरणमा सेयर तथा ऋण लगानीमार्फत भरतपुर, दाङ र सुर्खेत विमानस्थलका लागि बजेट छुट्याएको छ । उता, पर्यटन पूर्वाधार विकास आयोजनातर्फ त्रिभुवन विमानस्थल, सगरमाथा विमानस्थल निर्माण, दार्चुला विमानस्थल र जुम्ला विमानस्थलका लागि बजेट राखिएको छ । तर सिमरा विमानस्थलका लागि भने बजेट छैन । निजगढ विमानस्थल निर्माण भएमा अन्तराष्ट्रिय उडानहरू सिधै सीमराबाट हुने हुँदा मधेश काठमण्डौ पछिको दोस्रो राजधानीको रुपमा स्थापीत हुने सपना साँचेर बसेका बधेशबासी बर्तमान सरकारले वास्ता नै नगरेपछि निराश बनेका हुन् ।

## वन संरक्षणमा मधेशकै उत्कृष्ट जगरनाथपुर गापा

# १ लाख २५ हजारसहित सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिकाले वन संरक्षण, वातावरणीय व्यवस्थापन तथा स्थानीय तहस्तरमा प्रभावकारी कार्यक्रम सञ्चालन गरेको भन्दै राष्ट्रिय स्तरको सम्मान प्राप्त गरेको छ । नेपाल सरकार, कृषि, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको रेड कार्यान्वयन केन्द्र, बबरमहल काठमाडौंले गाउँपालिकालाई 'प्रशंसा तथा प्रमाण–पत्र' सहित नगद १ लाख २५ हजार रुपैयाँ प्रदान गर्दै सम्मानित गरेको हो ।
'समृद्धिका लागि वन' परियोजनाअन्तर्गत सञ्चालन भएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, स्थानीय स्तरमा वन विकास, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनमा पु¥याएको उल्लेखनीय योगदानको कदर गर्दै गाउँपालिकालाई सम्मान गरिएको हो ।
रेड कार्यान्वयन केन्द्रका अनुसार आर्थिक वर्ष २०८१÷०८२ मा परियोजनाअन्तर्गत सञ्चालन भएका गतिविधिहरूको मूल्यांकनका आधारमा मधेश प्रदेशभरका स्थानीय तहमध्ये



जगरनाथपुर गाउँपालिका उत्कृष्ट ठहरिएको हो । सो उपलब्धिका आधारमा गाउँपालिकालाई प्रशंसा–पत्रसहित नगद पुरस्कार प्रदान गरिएको केन्द्रले जनाएको छ ।
सम्मानपत्रमा गाउँपालिकाले वन संरक्षण, हरियाली प्रवद्र्धन, वातावरणीय सन्तुलन कायम राख्न तथा प्राकृतिक स्रोतको संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गरेको उल्लेख गरिएको छ । साथै आगामी दिनमा पनि यस्ता कार्यलाई निरन्तरता दिँदै वातावरण संरक्षणका क्षेत्रमा नमूना कार्य गर्न शुभकामना व्यक्त गरिएको छ ।
वन तथा वातावरण संरक्षणका क्षेत्रमा प्राप्त यो सम्मानले जगरनाथपुर गाउँपालिकाको छवि थप उचो बनाएको स्थानीयवासीको भनाइ छ । गाउँपालिकाले पछिल्ला वर्षहरूमा वृक्षारोपण, सामुदायिक वन संरक्षण, वातावरणमैत्री विकास कार्यक्रम तथा जनचेतनामूलक अभियान सञ्चालन गर्दै आएको छ ।
गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूले यो सम्मान सम्पूर्ण गाउँवासीको साझा उपलब्धि भएको बताएका छन् । उनीहरूले वन तथा वातावरण संरक्षणलाई विकासको आधार मानी आगामी दिनमा पनि संरक्षणमुखी कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।
मधेश प्रदेशमै उत्कृष्ट स्थानीय तहको रूपमा प्राप्त यो सम्मानले जगरनाथपुर गाउँपालिकालाई वातावरण संरक्षण र दिगो विकासका क्षेत्रमा थप जिम्मेवार र सक्रिय बन्न प्रेरणा मिल्ने अपेक्षा गरिएको छ ।

## गगन खोलाको निर्माणाधीन पुल भासिँदा

# हुलाकी राजमार्ग अवरुद्ध


**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको औरही गाउँपालिका–५ स्थित गागन खोलाको निर्माणाधीन पुल भासिँदा हुलाकी राजमार्ग अवरुद्ध भएको छ । सडक भासिएसँगै दुर्घटनाको जोखिम बढेपछि अहिले सवारीसाधनलाई वैकल्पिक मार्गबाट सञ्चालन गरिएको छ ।
स्थानीयका अनुसार पुरानो पुलको छेउमा नयाँ पुल निर्माणका क्रममा जथाभावी माटो उत्खनन गरेका कारण सडक भासिएको हो । वर्षाले तीव्र कटान गर्दा सडकको भित्री भाग पूर्ण रूपमा खोक्रो बनेर सडक भासिएको छ । बाहिरबाट सडक सामान्य देखिए पनि भित्रको माटो बगिसकेकाले जुनसुकै बेला थप भासिने र ठूलो दुर्घटना हुन सक्ने जोखिम रहेको स्थानीय बताउँछन् ।
निर्माण कम्पनी र सम्बन्धित निकायको लापरबाहीका कारण यस्तो अवस्था आएको उनीहरूको आरोप छ । गागन खोलामा ४० मिटर लामो पुल निर्माणका लागि २०८२ असार ४ गते ठेक्का सम्झौता भएको थियो । २०८४ असार ३ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित कर्जन्हा नगरपालिका–५, सिरहास्थित जेबिएम जवाहर जेडी निर्माण कम्पनीले ८ करोड ६७ लाख ८१ हजार ४०७ रुपैयाँमा ठेक्का पाएको हो ।
हुलाकी सडक निर्देशनालय, जनकपुरका इन्जिनियर सूर्यनारायण मण्डलले सडक भासिएपछि तत्काल वैकल्पिक मार्गबाट सवारी सञ्चालन गरिएको जानकारी दिए ।

## २३ कठ्ठा जमिन अतिक्रमण भएपछि

# बजार विस्तारमा समस्या

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रपुर नगरपालिका–६ स्थित हाटबजारको २९ कट्ठा सार्वजनिक जमिनमध्ये २३ कट्ठा अतिक्रमण भएपछि बजार विस्तारमा समस्या उत्पन्न भएको छ । हाल करिब ६ कट्ठा क्षेत्रफलमा मात्र हाट सञ्चालन हुँदै आएको छ ।
अतिक्रमणका कारण व्यापारीहरू सडक र फुटपाथमा पसल राख्न बाध्य भएका छन् । सोमबार र शुक्रबार लाग्ने हाटका दिन सवारी आवागमनसमेत प्रभावित हुने गरेको स्थानीयको गुनासो छ ।
वडाध्यक्ष सहदेव केसीका अनुसार अतिक्रमित जमिन खाली गराउन पालिकाले ३५ दिने सूचना जारी गरे पनि अतिक्रमणकारीले अटेर गरेका छन् । नगर प्रमुख सञ्जय काफ्लेले वास्तविक सुकुमवासीलाई पुनर्वासको व्यवस्था गरी तथा हुकुमवासीलाई कानुनी प्रक्रियामार्फत हटाएर जमिन खाली गराइने बताए । पालिकाले अतिक्रमणको छानबिन तथा व्यवस्थापनका लागि समिति गठन गरी प्रक्रिया अघि बढाएको जनाएको छ ।

# ७७ प्रतिशत आँप मधेशमा उत्पादन



**मधेशदृष्टि**
**वीरगंज ।**
देशभर उत्पादन हुने कुल आँपमध्ये ७७ प्रतिशतभन्दा बढी आँप मधेश प्रदेशमा उत्पादन हुने गरेको तथ्याङ्कले खुलासा गरेको छ । उर्वर भूमि, अनुकूल हावापानी र व्यावसायिक खेतीका कारण मधेशलाई 'आँपको राजधानी'का रूपमा चिनिन्छ ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका अनुसार प्रदेशमा २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप खेती हुँदै आएको छ, जहाँबाट वार्षिक तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुन्छ । उत्पादनका हिसाबले सिराहा पहिलो, सप्तरी दोस्रो र रौतहट तेस्रो स्थानमा रहेका छन् ।
किसानहरूले उत्पादन बढे पनि उचित मूल्य र बजारीकरणको समस्या रहेको बताएका छन् । यहाँका किसानहरू प्रतिकिलो ३० देखि ५० रुपैयाँमै आँप बिक्री गर्न बाध्य छन् । सरोकारवालाले भण्डारण, प्रशोधन, ब्रान्डिङ र निर्यातलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिएका छन् ।
आँपबाट जुस, अचार, जामलगायत उत्पादन विस्तार गर्दै 'म्याङ्गो टुरिजम' प्रवद्र्धन गर्न सकिने सम्भावना छ । यस तर्फ तीनै तहका सरकारको ध्यान जानु पर्ने मधेशका आँप किसानहरूको माग छ ।

## राजस्व छलिको आशंकामा नियन्त्रणमा लिइएको

# ट्रकमा ठूलो परिमाणमा प्रतिबन्धित औषधी बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले भंसार प्रज्ञापनपत्र तथा विलविजक भन्दा बढि सामान लोड रहेको आशंकमा नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको ट्रकबाट ठूलो परिमाणमा प्रतिबन्धित ओषधी बरामद भएको छ । वीरगंजबाट काठमाडौँतर्फ जाँदै गरेको बा.प्र. ०३–००१ ख ३३४६ नम्बरको मालवाहक ट्रकबाट प्रतिबन्धित औषधि ट्रामाडोल बरामद भएको हो । अम्बलीहरूले ट्रामाडोललाई लागु औषधको रुपमा प्रयोग गरेको पाइन्छ ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले सोमबार साँझ करिब ७ बजे राजस्व छलीको आशंकामा उक्त मालवाहक ट्रकलाई नियन्त्रणमा लिएर बाराको जितपुरसिमरा उपमहानगरपालिका–१ पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाएको थियो ।
ट्रकको जाँचका क्रममा ट्रामाडोल १ लाख २० हजार ६२० क्याप्सुल फेला परेको र त्यसबारेमा थप अनुसन्धान भइरहेको बताइएको छ ।

# २८ वर्षीय रसाइलीको हत्या

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको मिथिला नगरपालिका–९ घर भई हाल नगरकोट मोड बस्ने २८ वर्षीय आकाश रसाइलीको हत्या भएको छ । भक्तपुरको भक्तपुर नगरपालिका–१ नगरकोटमा गएराति सामान्य विवादका क्रममा झैझगडा हुँदा धारिलो हतियार प्रहारबाट रसाइलीको ज्यान गएको छ ।
घटनामा गम्भीर घाइते भएका रसाइलीलाई उपचारका लागि केएमसी अस्पताल लगिएकोमा उपचारकै क्रममा आज बिहान मृत्यु भएको भक्तपुर प्रहरीले जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा उदयपुर घर भई अहिले भक्तपुर सल्लाघारी बस्ने आयुष कार्की, झापा घर भई सल्लाघारी बस्ने दोर्जे शेर्पा र गुल्मी घर भई सल्लाघारी बस्दै आएका रमेश कुँवरलाई पक्राउ गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पर्सा र बारामा सर्वोत्कृष्ट नतिजा ल्याउने

# छात्रा कुल्सुम खातुन सम्मानित

**मधेशदृष्टि**
**वीरगंज।**
यस वर्षको कक्षा १२ को परीक्षामा पर्सा र बारा जिल्लामै सर्वोत्कृष्ट नतिजा हासिल गर्ने छात्रा कुल्सुम खातुन सम्मानित भएकी छिन् । बाराको जीतपुर–सिमरा निवासी खातुनले कक्षा १२ को परीक्षामा ३.८८ जीपीए प्राप्त गरी दुवै जिल्लामध्ये उत्कृष्ट नतिजा हासिल गरेकी हुन्।
वीरगंज महानगरपालिका–११, ओमआश्रम रोडस्थित ओम नेशनल कलेजले मङ्गलबार आयोजित कार्यक्रममा उहाँलाई सम्मान गर्दै एक थान ल्यापटप प्रदान गरेको छ । कलेजकी निर्देशक शोभा यादवले खातुनलाई ल्यापटप हस्तान्तरण गरेकी थिइन्।
सम्मान ग्रहणपछि खातुनले आफ्नो सफलतामा अभिभावक, शिक्षक तथा कलेजको महत्वपूर्ण योगदान रहेको बताइन्।
कार्यक्रममा कलेजकी निर्देशक यादवले ओम नेशनल कलेजले हरेक वर्ष उत्कृष्ट शैक्षिक नतिजा हासिल गर्दै आएको उल्लेख गर्दै यस वर्ष खातुनले प्राप्त गरेको उपलब्धिले कलेजको प्रतिष्ठा अझ उचो बनाएको बताइन्।

## निको कप महिला टि–ट्वान्टी

# राष्ट्रिय क्रिकेटमा लुम्बिनीको पहिलो जित

**जनकपुरधाम।**
जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय रङ्गशालामा सञ्चालित निको कप महिला टि–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले पहिलो जित दत्र्ता गरेको छ।
प्रतियोगिताअन्तर्गत मंगलबार सम्पन्न पहिलो खेलमा कर्णाली प्रदेशलाई पाँच विकेटले पराजित गर्दै लुम्बिनीले दुई अङ्क जोडेको छ । टस जितेर लुम्बिनीले फिल्डिङ रोजेको थियो । पहिले ब्याटिङको निम्तो पाएको कर्णाली प्रदेशले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८५ रनको योगफलमा जोड्न सक्यो।
कर्णालीका लागि गङ्गा खड्काले १४, अञ्जु गुरुङले १३ र तृष्णा विश्वकर्माले १२ रन बनाउनुबाहेक कुनै पनि ब्याटरले दोहोरो अङ्क जोड्न सकेनन् । कर्णालाई सस्तैमा समेट्न लुम्बिनी प्रदेशका मनिषा रानाले तीन, सुस्मिता भुसालले दुई तथा अञ्जि पाठकले एक विकेट हात पारेकी छन्।
८६ रनको झिनो लक्ष्य लिएर मैदान प्रवेश गरेको लुम्बिनीले १५ ओभरमा ५ विकेट गुमाएर लक्ष्य भेटायो । लुम्बिनीका लागि कप्तान असमा पुलामी मगरले २८ तथा रञ्जु श्रेष्ठले २३ रनको योगदान दिनुभयो। सो प्रतियोगिताको म्यान अफ द म्याच लुम्बिनीका मनिषा राना घोषित भएका छन्।
यो जितसँगै लुम्बिनीको तीन खेलबाट एक जित, एक÷एक हार तथा एक बराबरीसहित तीन अङ्क जोड्दै समूहको दोस्रो स्थानमा छन्। लुम्बिनीसँगको हारका बाबजुद कर्णाली तीन अङ्कको साथ समूहको तेस्रो स्थानमा छन्।
मधेस प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस खेलकुद परिषद् तथा नेपाल खेलकुद महासङ्घको संयोजनामा सुरु भएको प्रतियोगितामा सात वटा प्रदेश र दुई वटा विभागीय टिम आर्मी र एपीएफ टिम गरी नौ वटा टिमको सहभागिता छन् । प्रतियोगिता असार १४ गतेसम्म जनकपुरधाम र वीरगंजमा सञ्चालन हुनेछ। रासस

# निःशुल्क व्यवसाय सम्वर्द्धन कार्यक्रम

वीरगंज (पर्सा), ९ असार।
वीरगंज उद्योग वाणिज्य सङ्घ ( बिसिसिआई) ले आयोजना गरेको '**BiCCI Startup & Incubation Program** २०२६' अन्तर्गतको निःशुल्क व्यवसाय सम्वर्द्धन कार्यक्रम सम्पन्न भएको छ । औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ( आई.ई.डि.आई.) को सहकार्य तथा सङ्घको स्टार्टअप एण्ड इनोभेसन कमिटीको समन्वयमा सञ्चालन गरिएको कार्यक्रम १३ दिनसम्म बिसिसिआईको सभाहलमा चलेको थियो।
कार्यक्रमको उद्घाटन निम्बस ग्रुपका अध्यक्ष तथा उद्योगी जगदीश अग्रवालले गरेका थिए । समापन समारोह सङ्घका सहसचिव तथा स्टार्टअप एण्ड इनोभेसन कमिटीका संयोजक अनुप कुमार अग्रवालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा सङ्घका अध्यक्ष हरिप्रसाद गौतम प्रमुख अतिथि तथा वरिष्ठ उपाध्यक्ष माधवराज पाल र उपाध्यक्ष आशिष लाठ विशेष अतिथिका रूपमा सहभागी थिए।
युवा उद्यमी तथा व्यवसाय सुरु गर्न इच्छुक व्यक्तिहरूको क्षमता विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा व्यवसाय व्यवस्थापन, वित्तीय योजना, ब्रान्डिङ, बजार विस्तार, लगानी तयारी, बैंकिङ पहुँच, कानुनी प्रक्रिया तथा सञ्चालन व्यवस्थापनलगायतका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो।
१३ दिने मास्टरक्लासमा विभिन्न क्षेत्रका विज्ञ तथा उद्योगीहरूले सहजीकरण गरेका थिए । कार्यक्रममा उद्यमशीलताको आधारभूत अवधारणादेखि व्यवसायिक योजना निर्माण, लेखा तथा कर प्रणाली, बजार विश्लेषण, वित्तीय साक्षरता, लगानी व्यवस्थापन, स्टार्टअप फाइनान्सिङ, उद्योग विश्लेषण तथा सञ्चालन व्यवस्थापनका विषय समेटिएका थिए।
आयोजकका अनुसार प्रशिक्षण अवधिभर सहभागीहरूले व्यवसाय सञ्चालनका लागि आवश्यक व्यवहारिक ज्ञान र सीप हासिल गरेका छन् । साथै कार्यक्रमले युवा उद्यमीहरूलाई अनुभवी व्यवसायी तथा विज्ञहरूसँग प्रत्यक्ष अन्तरक्रिया र नेटवर्किङ गर्ने अवसर समेत प्रदान गरेको थियो।
समापन समारोहमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो।
प्राप्त ज्ञान र अनुभवलाई व्यवहारमा उतार्दै नयाँ व्यवसाय स्थापना तथा विद्यमान व्यवसायलाई थप विस्तार गर्न सहभागीहरू सक्षम हुने विश्वास व्यक्त गरिएको छ । बिसिसिआईले यस्ता कार्यक्रममार्फत प्रदेश तथा देशमै उद्यमशीलता र नवप्रवर्तनको वातावरणलाई थप मजबुत बनाउन योगदान पुग्ने अपेक्षा गरेको छ।

# सगरमाथा स्कुलमा ब्याच वितरण

**मधेशदृष्टि**
**वीरगंज।**
विद्यार्थीहरूमा नेतृत्व क्षमता, जिम्मेवारीबोध, अनुशासन तथा सेवाभावको विकास गर्ने उद्देश्यले वीरगंज महानगरपालिका–१२ मुर्लीस्थित सगरमाथा स्कुलमा 'ब्याच वितरण कार्यक्रम–२०८३' भव्य रुपमा सम्पन्न भएको छ । कार्यक्रम नेशनल प्याब्सन वीरगंज नगर अध्यक्ष तथा सगरमाथा स्कुलका संस्थापक जियालाल गुप्ताको सभापतित्व तथा कौशल श्रीवास्तवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा विद्यालयका हेड ब्वाय, हेड गर्ल, विभिन्न हाउसका क्याप्टेन तथा उप–क्याप्टेनहरू, साथै कक्षा १ देखि १० सम्मका कक्षा मनिटरहरूलाई नेतृत्व र जिम्मेवारीको प्रतीकस्वरूप ब्याच, टाई तथा ब्यानर वितरण गरिएको थियो । उक्त सामग्री सभापति, प्रमुख अतिथि तथा अन्य अतिथिहरूद्वारा प्रदान गरिएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै सभापति जियालाल गुप्ताले नेतृत्व भनेको पद प्राप्त गर्नु मात्र नभई जिम्मेवारी, अनुशासन, सेवा र समर्पणको अभ्यास भएको बताए। उनले विद्यार्थीहरूलाई आफूलाई सुम्पिएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्दै विद्यालय र समाजका लागि उदाहरणीय बन्न आग्रह गरे। 'आजका विद्यार्थी नै भोलिका सक्षम नागरिक र राष्ट्रनिर्माता हुन्। त्यसैले शिक्षासँगै नेतृत्व क्षमता, आत्मविश्वास र नैतिक मूल्यको विकासमा विशेष ध्यान दिन आवश्यक छ,' गुप्ताले बताए । प्रमुख अतिथि कौशल श्रीवास्तवले विद्यालयले विद्यार्थीहरूलाई प्रारम्भिक चरणदेखि नै नेतृत्व विकासका अवसर प्रदान गर्नु सकारात्मक र अनुकरणीय कार्य भएको उल्लेख गरे । उनले जिम्मेवारी वहन गर्न सिकेका विद्यार्थीहरू भविष्यमा सफल नेतृत्वकर्ताका रूपमा स्थापित हुने विश्वास व्यक्त गरे । कार्यक्रममा हरिन्द्र कुशवाहा, नरेश कुर्मी, सुरेश साह, नरेश रौनियार तथा गौतम श्रीवास्तव लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । साथै पत्रकारहरू राजेन्द्र सिंह राजपूत, जगत राई तथा दिपु वर्णवाल समेत सहभागिता रहेको थियो।

सम्पादकीय

# नयाँ भनिएको रास्वपा र पुरानै शैलीको महाधिवेशन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो ऐतिहासिक महाधिवेशन चितवनमा सम्पन्न हुँदै गर्दा यसले नेपाली राजनीतिमा बोकेको 'नयाँपन' को अपेक्षा र यथार्थबीचको खाडललाई स्पष्ट रूपमा उजागर गरेको छ। महाधिवेशनको बन्द सत्रमा देखिएको चरम विलम्बता केवल प्राविधिक समस्या मात्र नभई पार्टीको आन्तरिक व्यवस्थापन र सांगठनिक अपरिपक्वताको उपज हो। बिहान ८ बजे सुरु हुनुपर्ने सत्र साँझसम्म पनि सुरु हुन नसक्नुले पार्टीभित्रको निर्णय प्रक्रियामा रहेको ढिलासुस्ती र कार्यक्षमतामाथिको प्रश्नलाई बलियो बनाएको छ । हजारौँ प्रतिनिधिहरूलाई उकुसमुकुस गर्मीमा घण्टौँ प्रतीक्षा गराउनुले कार्यकर्ताको भावना र समयप्रतिको उदासीनतालाई झल्काउँछ । महाधिवेशनमा देखिएको मुख्य झमेला प्रतिनिधि छनोटको विषयलाई लिएर उत्पन्न भएको हो, विशेष गरी मधेश प्रदेशमा देखिएको विवादले पार्टीको लोकतान्त्रिक छविमा दाग लगाएको छ। महाधिवेशन प्रतिनिधिहरूको सूचीमा 'अपरिचित' अनुहारहरू थपिएको र विधि मिचेर मनोनयन गरिएको भन्दै असन्तुष्ट पक्षले नाराबाजी र विरोध प्रदर्शन गर्दा रास्वपा पनि पुरानै दलहरूको गुटबन्दी र 'खल्तीबाट नाम निकाल्ने' प्रवृत्तिबाट मुक्त हुन नसकेको पुष्टि हुन्छ। विभिन्न समूहहरूको समायोजनका नाममा अन्तिम समयमा सयौँ प्रतिनिधिहरू थप्ने प्रयासले विधिको शासन भन्दा पनि नेताहरूको शक्ति सन्तुलन मिलाउने दाउपेच हाबी भएको देखिन्छ।

पार्टीभित्रको बढ्दो असन्तुष्टि केवल प्रतिनिधि छनोटमा मात्र सीमित छैन, यो नेतृत्वको कार्यशैली र आन्तरिक लोकतन्त्रको अभावसँग पनि जोडिएको छ । वर्षौंदेखि संगठन निर्माणमा खटिएका कार्यकर्तालाई पाखा लगाएर 'सेलेब्रिटी' र शक्ति केन्द्रको नजिक भएकाहरूलाई प्राथमिकता दिंदा भुइँतहका कार्यकर्तामा निराशा छाएको छ । मधेशका जिल्लाहरूमा अधिवेशन नै नगरी तदर्थ समिति मार्फत प्रतिनिधि पठाइनु र त्यस क्रममा भएका कुटाकुट तथा भौतिक झडपका घटनाहरूले रास्वपाभित्रको अनुशासनको धरातल कति कमजोर छ भन्ने देखाउँछ । यो असन्तुष्टिले भविष्यमा पार्टीको सांगठनिक एकतालाई थप चुनौतीपूर्ण बनाउन सक्छ।

महाधिवेशनका क्रममा देखिएको अर्को विरक्तलाग्दो पक्ष भनेको अमर्यादित बोली र गालीगलौजको संस्कृति हो। 'सभ्य र सुसंस्कृत' राजनीतिको वकालत गर्ने दलका नेता तथा कार्यकर्ताहरूबाटै सामाजिक सञ्जाल र महाधिवेशन स्थलमा आफ्नै सहकर्मी र विपक्षीप्रति प्रयोग गरिएका शब्दहरू शोभनीय छैनन्। नेतृत्व तहबाटै हुने आक्रामक र उत्तेजक भाषणहरूले कार्यकर्तालाई संयमित बनाउनुको साटो थप उग्र बनाउन मलजल गरेको छ । विचारको राजनीतिमा असहमतिलाई सम्मान गर्ने ठाउँ हुनुपर्नेमा, आलोचना गर्नेलाई शत्रुवत् व्यवहार गर्ने र अमर्यादित भाषामा प्रस्तुत हुने प्रवृत्तिले रास्वपाको 'वैकल्पिक' शक्ति बन्ने दाबीलाई कमजोर पारेको छ।

अन्ततः, रास्वपाको यो पहिलो महाधिवेशनले पार्टीलाई एउटा विधिवत् नेतृत्व त प्रदान गर्ला, तर यसले छाडेका प्रश्नहरू निकै गम्भीर छन् । विलम्बता, झमेला र असन्तुष्टिलाई व्यवस्थापन गर्न नसक्नुले पार्टी अझै पनि 'स्टन्ट' र 'इभेन्ट' व्यवस्थापनमै अल्झिएको संकेत गर्छ। यदि रास्वपाले आफूलाई साँच्चिकै परम्परागत दलहरूभन्दा भिन्न र सुसंस्कृत देखाउन चाहने हो भने, यसले आफ्नो आन्तरिक लोकतन्त्रलाई बलियो बनाउनुपर्छ र बोलीमा मात्र होइन, व्यवहारमा पनि मर्यादित र अनुशासित हुनुपर्छ। यो महाधिवेशनबाट पाठ सिक्दै आगामी दिनमा सांगठनिक सुदृढीकरण र नैतिक राजनीतिको बाटो रोज्नु नै रास्वपाका लागि हितकर हुनेछ।

# चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा: कार्यान्वयनको बाटो



–डा. विश्वराज दवाडी

नेपालको स्वास्थ्य क्षेत्र अहिले एउटा गम्भीर र अभूतपूर्व सङ्क्रमणकालबाट गुज्रिरहेको छ। एकातिर नागरिकहरूमा आफ्नो स्वास्थ्य र कानुनी अधिकारप्रतिको चेतना अभूतपूर्व रूपमा बढेको छ भने अर्कोतिर उपभोक्ता अदालतको बढ्दो सक्रियता, नयाँ कानुनी व्यवस्थाहरू र सर्वोच्च अदालतका पछिल्ला फैसलाहरूले चिकित्सकीय लापरबाहीको मुद्दालाई निकै संवेदनशील मोडमा पुर्‍याएका छन्।

उपचारका क्रममा हुने अप्रत्याशित परिणाम वा त्रुटिहरूका कारण चिकित्सक र अस्पतालहरूले लाखौँ र करोडौँ रुपैयाँसम्मको जरिवाना र क्षतिपूर्तिको भागिदार बन्नुपर्ने परिस्थिति सिर्जना भएको छ। यस्तो जटिल र चुनौतीपूर्ण वातावरणमा चिकित्सकहरूलाई मानसिक तनावमुक्त भई आफ्नो पूर्ण दक्षताका साथ काम गर्ने वातावरण बनाउन र पीडित बिरामीको न्यायोचित अधिकार सुनिश्चित गर्न नेपालमा 'डक्टर्स प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स' अर्थात् 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' तत्काल र लागू गर्नुको अब कुनै विकल्प छैन।

के हो प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स?

सरल भाषामा भन्दा यो स्वास्थ्यकर्मी वा चिकित्सकहरूका लागि एउटा कानुनी र वित्तीय सुरक्षा कवच हो। चिकित्सा क्षेत्र शतप्रतिशत गणितीय विज्ञान होइन; यहाँ हरेक बिरामीको शरीर, रोगको प्रकृति र ओषधिको प्रतिक्रिया फरक हुन सक्छ । सदाशयतापूर्वक र आफ्नो पूर्ण ज्ञान प्रयोग गरेर उपचार गर्दागर्दै पनि अन्जानमा कुनै प्राविधिक त्रुटि, गल्ती वा असावधानी हुनसक्छ।

यस्ता त्रुटिका कारण बिरामीलाई कुनै शारीरिक वा मानसिक क्षति पुग्न गएमा र अदालत वा सम्बन्धित नियामक निकायले चिकित्सकलाई दोषी ठहर गरेमा, यो बिमाले बिरामीलाई बुझाउनुपर्ने क्षतिपूर्ति र कानुनी लडाइँको खर्च ब्यहोर्ने गर्दछ । स्मरणरहोस्, यस बिमाले नियतवश गरिएको अपराध वा मदिरा÷लागूऔषध सेवन गरी गरिएको लापरबाहीलाई समेट्दैन । यसको मुख्य उद्देश्य इमान्दार चिकित्सकको आर्थिक र व्यावसायिक जीवनलाई सुरक्षित राख्नु हो। नेपालको सन्दर्भमा यो बिमा तत्काल लागू गर्नुपर्ने मुख्य कारणहरू निम्न छन्:

**उपभोक्ता अदालतको बढ्दो सक्रियता र वित्तीय जोखिम**

उपभोक्ता संरक्षण ऐनअन्तर्गत नेपालका विभिन्न जिल्लाहरूमा उपभोक्ता अदालतहरू गठन भई सक्रिय भएसँगै स्वास्थ्य सेवालाई पनि उपभोक्ताको दायराभित्र कडा रूपमा हेर्न थालिएको छ । हालैका दिनहरूमा उपचारमा चित्त नबुझेमा वा त्रुटि देखिएमा बिरामीका आफन्तहरू कानुनी उपचार खोज्दै अदालत जाने क्रम ह्वात्तै बढेको छ। अदालतहरूले अस्पताल र डाक्टरहरूलाई करोडौँ रुपैयाँसम्मको क्षतिपूर्ति तिराउने ऐतिहासिक फैसलाहरू सुनाउन थालेका छन् । कुनै पनि मध्यमवर्गीय वा सरकारी डाक्टरले व्यक्तिगत रूपमा आफ्नो खल्तीबाट वा जायजेथा बेचेर यति ठूलो रकम ब्यहोर्न असम्भव प्रायः हुन्छ। यसले चिकित्सकहरूको सम्पूर्ण प्रतिष्ठा र पारिवारिक जीवन नै एकै झट्कामा समाप्त हुने जोखिम बढाएको छ।

**सर्वोच्च अदालतको स्पष्ट नजिर र कानुनी सन्देश**

सर्वोच्च अदालतको संयुक्त इजलासले हालै गरेका केही फैसला र ब्याख्याहरूले स्पष्ट सन्देश दिएका छन्–डाक्टर हुनुको अर्थ लापरबाहीमा उन्मुक्ति पाउनु होइन। अदालतले बिरामीको सुरक्षित उपचार पाउने अधिकारलाई सर्वोच्च राखेको छ तर सँगै यो कुरा पनि स्वीकारेको छ कि उच्च जोखिमयुक्त चिकित्सा विधामा काम गर्दा डाक्टरहरूलाई हरसमय कानुनी डर र दबाबमा राखियो भने स्वास्थ्य प्रणाली नै धराशयी हुनसक्छ। अदालतको यो नजिरपछि डाक्टरहरूका लागि वित्तीय र व्यावसायिक सुरक्षाको खाँचो झनै टड्कारो बनेर आएको छ।

**'डिफेन्सिभ मेडिसिन' को घातक चक्र रोक्न**

भारी क्षतिपूर्ति र कानुनी कारबाहीको डरले गर्दा नेपाली चिकित्सकहरूमा अहिले प्रतिरक्षात्मक चिकित्साको अभ्यास खतरनाक रूपमा बढ्न थालेको छ । यसको सीधा अर्थ हुन्छ—डाक्टरहरूले बिरामीको ज्यान जोगाउन आवश्यक तर उच्च जोखिमयुक्त जटिल शल्यक्रिया वा उपचार प्रक्रिया हात हाल्न हिच्किचाउने वा अस्वीकार गर्ने। त्यस्तै, कानुनी रूपमा सुरक्षित रहनका लागि बिरामीलाई अनावश्यक रूपमा दर्जनौँ ल्याब टेस्ट र भिडियो एक्सरेहरू गराउन बाध्य पार्ने। यसले अन्ततः स्वास्थ्य सेवालाई सर्वसाधारणका लागि अत्यधिक महँगो बनाउँछ र जटिल बिरामीले समयमा आकस्मिक उपचार नपाई ज्यान गुमाउने अवस्था सिर्जना गर्छ । बिमाको व्यवस्था भएमा चिकित्सकहरूले निर्धक्क भई आफ्नो क्लिनिकल निर्णय लिन सक्छन्।

**अस्पताल तोडफोड, 'भिडतन्त्र' र असुली संस्कृतिको अन्त्य**

नेपालको स्वास्थ्य क्षेत्रको एउटा दुःखद् पाटो भनेको उपचारका क्रममा बिरामीको मृत्यु वा अवस्था बिग्रँदा तुरुन्तै अस्पताल तोडफोड गर्ने, डाक्टर र नर्समाथि भौतिक आक्रमण गर्ने र मोटो रकम मोलमोलाई गर्ने प्रवृत्ति हो । यदि यो बिमा प्रणाली संस्थागत रूपमा लागू भयो भने, 'भिड' ले सडक वा अस्पतालमा न्यायको फैसला गर्ने विकृति रोकिनेछ। कुनै पनि घटना भएमा, चिकित्सक र बिरामी दुवै पक्ष कानुनी र बिमाको दायरामा आउनेछन्। बिमा कम्पनीको आफ्नै अनुसन्धान टोलीले घटनाको छानबिन गर्नेछ र वास्तविक पीडितले कानुनी रूपमै न्यायोचित र ठूलो रकमको क्षतिपूर्ति पाउने निश्चित हुनेछ । यसले अस्पतालहरूलाई युद्धमैदान हुनबाट जोगाउनेछ।

**अन्तरराष्ट्रिय अभ्यास र नेपालको स्वास्थ्य पर्यटन**

संसारका अधिकांश विकसित र विकासोन्मुख देशहरू (जस्तैः अमेरिका, बेलायत र छिमेकी देश भारतमा समेत) चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा बिना डाक्टरहरूले बिरामी छुनै पाउँदैनन् । नेपालले पनि अन्तरराष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र छिमेकी देशका बिरामीलाई आकर्षित गर्ने नीति लिइरहँदा हाम्रो स्वास्थ्य प्रणाली कानुनी र वित्तीय रूपमा सुरक्षित हुनुपर्छ। विदेशी बिरामी वा नेपालकै सचेत नागरिकको विश्वास जित्नका लागि पनि यो बिमा अन्तरराष्ट्रिय मापदण्ड अनिवार्य छ।

**तत्काल र सफल कार्यान्वयनका लागि चाल्नुपर्ने कदमहरू**

नेपाल बिमा प्राधिकरणले केही समय अघि यस प्रकारको बिमाको पोलिसी ल्याउन खोजे पनि पर्याप्त गृहकार्य र समन्वयको अभावमा यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। यसलाई भोलिदेखि नै देशव्यापी रूपमा लागू गर्नका लागि निम्न रणनीति र चरणहरू तत्काल चाल्नु आवश्यक छः

पहिलो चरणः नेपाल मेडिकल काउन्सिलको कानुनी बाध्यताः नेपाल मेडिकल काउन्सिलले आफ्नो नियमावलीमा संशोधन गरी प्रत्येक चिकित्सकको 'प्राक्टिस लाइसेन्स' नवीकरण गर्दा वा नयाँ दर्ता गर्दा चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' को पोलिसी अनिवार्य बुझाउनुपर्ने नियम तत्काल लागू गर्नुपर्छ । बिमा नभएका डाक्टरलाई बिरामी जाँच्ने अनुमति दिनु हुँदैन।

दोस्रो चरणः जोखिममा आधारित न्यायोचित प्रिमियम निर्धारणः नेपाल बिमा प्राधिकरणले नेपाल मेडिकल एशोसिएशन र बिमा कम्पनीहरूसँग बसेर चिकित्सकहरूको विधाअनुसार प्रिमियम तय गर्नुपर्छ । उदाहरणका लागि, बढी जोखिम हुने सर्जन, एनेस्थेटिस्ट, र गाइनोकोलोजिस्टको प्रिमियम अलि बढी र कम जोखिम हुने छला रोग विशेषज्ञ वा साइकियाट्रिस्टको प्रिमियम सोही अनुसार न्यायोचित र खल्तीमैत्री बनाउनुपर्छ।

तेस्रो चरणः सरकारी र निजी अस्पतालहरूको संस्थागत दायित्वः डाक्टरहरू आफैँले मात्र नभई उनीहरू कार्यरत अस्पतालहरूले पनि यसमा योगदान गर्नुपर्छ। सरकारी अस्पतालमा कार्यरत डाक्टरहरूको प्रिमियम सरकारले र निजी स्वास्थ्य संस्थामा काम गर्नेहरूको प्रिमियममा सम्बन्धित अस्पतालले कम्तीमा ५० प्रतिशत हिस्सा ब्यहोर्ने गरी श्रम सम्झौता हुनुपर्छ।

चौथो चरणः स्वतन्त्र 'मेडिको–लीगल बोर्ड' को गठनः कुनै पनि उपचारमा गल्ती भयो वा भएन र बिमा दाबी भुक्तानी दिने कि नदिने भन्ने निर्णय गर्न राजनीति र प्रभावमुक्त, स्वतन्त्र विशेषज्ञहरूको 'मेडिकल बोर्ड' गठन हुनुपर्छ। यस बोर्डको प्राविधिक सिफारिसका आधारमा मात्र बिमा कम्पनीले अदालत वा पीडितलाई भुक्तानी दिने व्यवस्था हुनुपर्छ, ताकि कसैले झुटा मुद्दा हालेर बिमाको रकम दुरुपयोग गर्न नसकोस्।

यस बिमा प्रणाली लागू गर्दा मुख्य चुनौती भनेको डाक्टरहरूमा सुरुवाती प्रिमियम रकम तिर्न देखिने हिच्किचाहट र बिमा कम्पनीहरूमा 'मेडिकल मुद्दा' हरूको प्राविधिक ज्ञानको कमी हुनु हो । यसको समाधानका लागि नेपालका ठूला र स्थापित निर्जीवन बिमा कम्पनीहरूले सामूहिक बिमाको ढाँचा ल्याउन सक्छन्। नेपाल मेडिकल एशोसिएशनमार्फत देशका सम्पूर्ण डाक्टरहरूलाई एउटै पुलमा ल्याएर सामूहिक बिमा गर्दा प्रिमियमको दर निकै कम हुन आउँछ, जुन एउटा नयाँ मेडिकल पास गरेको डाक्टरले पनि सजिलै तिर्नसक्छ।

चिकित्सा क्षेत्र कुनै जादु वा शतप्रतिशत सुनिश्चित भएको कारखाना होइन। भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ। बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो । अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिक रूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनु हुँदैन। स्वास्थ्य मन्त्रालय, नेपाल बिमा प्राधिकरण, नेपाल मेडिकल काउन्सिल र सरोकारवाला सबै निकायहरूले अहंकार र ढिलासुस्ती त्यागेर चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमालाई राष्ट्रिय एजेन्डा बनाई आजैका मितिदेखि अनिवार्य कार्यान्वयनमा ल्याउनुपर्छ । यसले मात्र नेपालको स्वास्थ्य सेवालाई सुरक्षित, मर्यादित, कानुनी रूपमा सबल र उत्तरदायी बनाउनेछ। रासस

# 'सफा सहर'को साख जोगाउन कठिन

सङ्गीता राई/रासस

धरान उपमहानगरपालिका–१५ का स्थानीय विनोद राई भन्छन्, 'गर्मी र वर्षाको समयमा फोहर दुर्गन्धित भएर चारकोसे जङ्गलको बाटो यात्रा गर्नै कठिन हुन्छ। त्यही फोहरबाट निस्किने झिँगा र लामखुट्टेका कारण घरमा बालबालिका बिरामी पर्ने जोखिम उच्च छ। कहिले फोहर जलाएको धुवाँले त कहिले दुर्गन्धले गर्दा बाटोमा हिँडिसक्नुहुँदैन ।' पहिले 'सफा हरित सहर' भनेर चिनिने धरानमा अहिले नाक थुनेर हिँड्नुपर्ने अवस्था छ।

उपमहानगरपालिकाले यसको दीर्घकालीन समाधान बेलैमा खोज्नु आवश्यक छ। उनले भने, 'कुनै समय मुलुककै सफा, सुन्दर र व्यवस्थित सहरको पहिचान बनाएको धरान उपमहानगरपालिकामा अहिले फोहरमैला व्यवस्थापनको सङ्कट चुलिएको छ । धरानबाट दैनिक रूपमा सङ्कलन हुने फोहरको वैज्ञानिक र दीर्घकालीन व्यवस्थापन गर्न नसक्दा वातावरणीय प्रदूषण तीव्र रूपमा बढ्दै गएको छ।'

धरान उपमहानगरपालिकाका नगर प्रमुख अइन्द्रविक्रम बेघाले स्थानीयस्तरबाट ठूलो बजेट विनियोजन गर्न नसकिएका कारण वैकल्पिक ऊर्जा र फोहर व्यवस्थापनको क्षेत्रमा समस्या देखिएको बताए । धरानमा सौर्य ऊर्जा र फोहरबाट ऊर्जा उत्पादन गर्ने प्रचुर सम्भावना भए पनि नीतिगत अस्पष्टता र लगानीको अभावका कारण समस्या देखिएको उनको भनाइ छ । स्थानीयस्तरमा फोहरलाई स्रोतमै कुहिने र नकुहिने गरी वर्गीकरण गरेर उचित प्रयोग गर्नसके त्यहीँबाट ऊर्जा प्रवद्र्धन गर्न सकिन्थ्यो। नगर प्रमुख बेघाले भने, 'प्रविधि महँगो हुनु र स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा यो सम्भव हुन सकेको छैन।'

परम्परागत इन्धन र केन्द्रीय प्रसारणको बिजुलीमा मात्र भर नपरी यसका लागि उपमहानगरपालिकाले नवीकरणीय ऊर्जा प्रवद्र्धनका लागि छुट्टै कोष स्थापना र ठोस कार्यनीति ल्याउनु आवश्यक रहेको उनले बताए। फोहरमैला व्यवस्थापनसँगै वायोग्यास ग्यास उत्पादन गर्ने भनी धरान–६ मा फोहरमैला प्रशोधन केन्द्र स्थापना गरिएको थियो अहिले केन्द्र बन्द भएपछि नगरभित्र सङ्कलन गरिएको फोहरमैला धरान उपमहानगरपालिका–१५ स्थित बाझगरा सामुदायिक वन क्षेत्रको सेउती खोला किनारमा जथाभाभी विसर्जन (डम्पिङ) गर्ने गरिएको छ।

अव्यवस्थित फोहरका कारण धरानको जैविक विविधताले भरिएको वन क्षेत्र र आसपासका मानव बस्तीहरू प्रत्यक्ष सङ्कटमा परेका छन् । फोहर विसर्जन गर्ने क्षेत्र वैज्ञानिक र व्यवस्थित नहुँदा स्थानीय समुदाय, रैथाने वनस्पति तथा वन्यजन्तुले बहुआयामिक चुनौती सामना गरिरहेको बाझगरा सामुदायिक वन उपभोक्ता समितिका उपाध्यक्ष कुमार भारतीले बताए । यो गम्भीर समस्याबारे हामीले उपमहानगरपालिकालाई पटकपटक ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस र दिगो समाधान अघि बढ्न सकेको छैन।

उनले भने, 'धरानको फोहरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि विगतमा प्रयास नभएका भने होइनन् । करोडौँको निजी लगानीमा धरान उपमहानगरपालिका–६ पानवारीमा 'भेन्चर वेस्ट टु इनर्जी' प्रालिले फोहर प्रशोधन केन्द्र निर्माण गरेको थियो ।' वार्षिक आम्दानीको एक प्रतिशत नगरपालिकालाई प्रदान गर्ने र २० वर्षपछि उपमहानगरपालिकालाई नै उक्त केन्द्र हस्तान्तरण गर्ने सम्झौतासहित २०७८ सालमा निजी क्षेत्रको लगानीमा निर्मित उक्त केन्द्रको उद्घाटन पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको थियो। दैनिक दुई हजार केजी ग्यास र जैविक मल उत्पादन गर्ने तथा उत्पादित ग्यासबाट धरानका चार सयभन्दा बढी टेम्पो सञ्चालन गर्ने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको उक्त केन्द्र अहिले पूर्ण रूपमा बन्द भएपछि वैकल्पिक ऊर्जा प्रवद्र्धन साथै फोहरमैला व्यवस्थापनमा समस्या भएको छ । करोडौँको लगानीमा बनेको प्रशोधन केन्द्र प्राविधिक तथा विविध व्यवस्थापकीय कमजोरीका कारण बन्द भएपछि धरानबाट निस्कने फोहर पुनः जङ्गल र खोला किनारमा फाल्न थालिएको हो।

अव्यवस्थित फोहरका कारण वन क्षेत्रमा आइपर्ने सबैभन्दा प्रमुख र तत्कालीक खतरा डढेलो बनेको छ । सङ्कलन गरिएको फोहरमा लापरबाहीपूर्वक आगो लगाइँदा जुनसुकै बेला वनमा डढेलो सल्किने उच्च जोखिम रहेको उपाध्यक्ष भारतीको भनाइ छ। यसका साथै सो क्षेत्र पछिल्लो समय वन्यजन्तु शिकारीहरूको रोजाइमा पर्न थालेको छ। 'रातिको समयमा जङ्गली जनावरहरू खानेकुराको खोजीमा फोहर विसर्जन स्थलसम्म आउने गर्छन् । त्यो समयमा शिकारीहरूले पासो थाप्ने र सिकार गर्ने गरेको पाइएको छ,' उपाध्यक्ष भारतीले भने।

वन्यजन्तु मात्र नभएर यो क्षेत्र मानव सुरक्षा र कानुनी दृष्टिकोणले अत्यन्तै संवेदनशील बन्दै गएको छ । फोहर विसर्जन स्थल र धरानको मुख्य बजार क्षेत्रको भौगोलिक दूरी नजिक भएकाले त्यहाँबाट फैलिने रोगवाहक झिँगा र कीराहरू सजिलै मानव बस्तीसम्म पुग्ने गरेका छन । यसले आसपासका क्षेत्रमा सङ्क्रामक महामारीको जोखिम बढाएको उपाध्यक्ष भारतीले बताए।

धरानको अव्यवस्थित फोहरको असर छिमेकी स्थानीय तहसम्म समेत पुग्न थालेको छ। फोहरबाट निस्कने तीव्र दुर्गन्ध र प्लास्टिकजन्य फोहर जलाउँदा निक्लने विषाक्त धुवाँ हावाको माध्यमबाट इटहरी उपमहानगरपालिकाको तरहरा क्षेत्रसम्म पुग्ने गरेको छ। वर्षायाममा बाढीले फोहरको थुप्रो बगाएर तल्लोतटीय क्षेत्रका किसानहरूको खेतीयोग्य जमिनमा पु¥याउँदा बालीनाली नष्ट हुनुका साथै माटोको उर्वराशक्ति समेत कमजोर बन्ने खतरा बढेको छ।

धरान उपमहानगरपालिकामा लामो समयदेखि बहस र चिन्ताको विषय बन्दै आएको फोहर व्यवस्थापनको मुद्दा अहिले आएर वातावरणीय सङ्कट मात्र नभई वन संरक्षण र सार्वजनिक सुरक्षाका लागि समेत गम्भीर चुनौती बनेको धरान उपमहानगरपालिकाका पूर्व उपप्रमुख मन्जु भण्डारीले बताइन्। पूर्वउपप्रमुख भण्डारीले भनिन्, 'फोहर विसर्जन स्थल र प्राकृतिक वन क्षेत्रको निकटताका कारण बहुआयामिक समस्याहरू निम्तिएका छन् । फोहरमैला व्यवस्थापनमा धरान उपमहानगरपालिका चुकेको छ यसमा स्थानीय प्रशासन र सरोकारवाला निकायको ध्यान जानु आवश्यक छ ।' धरान नगरको प्रमुख चुनौतीको रूपमा रहेको फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपमहानगरले नयाँ 'डम्पिङ साइट' र 'ट्रिटमेन्ट साइट' खोजी गरी ठोस कार्ययोजना अघि सार्नुपर्ने उनको भनाइ छ।

धरान–६ मा निजी क्षेत्रको करोडौँ रुपैयाँ लगानीमा निर्माण गरिएको फोहर प्रशोधन केन्द्र (बायोग्यास प्लान्ट) लाई नगरपालिकाले प्रोत्साहन र आवश्क सहयोग गर्न नसक्दा वैकल्पिक ऊर्जा प्रवद्र्धनमा ठूलो समस्या देखिएको भण्डारीले बताइन् । सम्झौतामा स्पष्ट हुँदाहुँदै पनि आवश्यक बजेट अभावका कारण देशकै नमूना बन्न सक्ने प्रोजेक्ट अहिले सङ्कटमा परेको उनको भनाइ छ।

यो प्रशोधन केन्द्रमा वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र र बैंकहरूको ठूलो ऋण लगानी छ । यस्तो परियोजना डुब्नु भनेको एउटा निजी कम्पनी मात्र डुब्नु होइन केन्द्रीय सरकारको नीति असफल हुनु र राष्ट्रिय अर्थतन्त्र धरासायी हुनु पनि हो । उनले भनिन्, 'निजी क्षेत्र धरासायी भएर राष्ट्र समृद्ध हुन सक्दैन।'

देशभरका कार्यपालिकाले फोहरमैला व्यवस्थापनमा सामान्य प्रशासनिक काम गरिरहेको भए पनि यस्ता आधुनिक प्रशोधन केन्द्रहरू नेपालमा बिरलै बन्ने गरेका छन् । उनले भनिन्, 'यसलाई पुनः सञ्चालन गर्न सके धरानले फोहरमैला व्यवस्थापन र बैकल्पिक ऊर्जा उत्पादनमा देशकै लागि नमुना मोडेल प्रस्तुत गर्न सक्ने छ ।' फोहरमैला व्यवस्थापनका नाममा मात्र नगरपालिकाले ट्र्याक्टर खरिद र सफाइ कर्मचारीको तलबमा वार्षिक रूपमा करोडौँ खर्च गर्ने गरेको छ। यदि निजी क्षेत्रलाई फोहरमैला प्रशोधनको जिम्मेवारी दिएर समन्वय मात्र गर्ने हो भने यो खर्च कटौती भई उपमहानगरपालिकाको आम्दानीमा वृद्धि हुने उनले बताइन्।

अहिले व्यवस्थित प्रशोधन केन्द्र नहुँदा जङ्गलमा जथाभाभी फालिएको र जलाइएको फोहरले वन्यजन्तु, बोटबिरुवा र मानव स्वास्थ्यमा गम्भीर असर पु¥याएको छ। वन क्षेत्रमा फोहर फाल्दा नयाँ पालुवा पलाउँदै गरेका बोटबिरुवा मासिने र फोहर फालिएका वरपरका बोटबिरुवा मरिसकेका छन् चराचुरुङ्गी र जनावर विस्थापित भएका छन जसले गर्दा वन्यजन्तुको प्राकृतिक चक्र बिग्रँदो छ। साथै, फोहर जलाउँदा निस्कने धुवाँका कारण स्थानीय नागरिकको स्वास्थ्यमा समेत गम्भीर असर परेको उनको भनाइ छ।

प्रविधिको सही प्रयोग गरेर कुहिने फोहरबाट बायोग्यास र नकुहिने प्लास्टिकजन्य फोहरबाट अलकत्रा वा अन्य उपयोगी सामग्री बनाउने उद्योगलाई प्रोत्साहन गर्नुपर्ने पूर्वउपप्रमुख भण्डारीको सुझाव छ । यसबाट धरानमा दैनिकरूपमा सङ्कलन हुने फोहरको दीर्घकालीन व्यवस्थापन हुनुका साथै वैकल्पिक ऊर्जाको प्रवद्र्धन भई अतिरिक्त आम्दानी गर्न सकिने उनले बताए । २०७८ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको उक्त केन्द्रबाट जैविक मल र बायोग्यास उत्पादन सुरु भएर दुई वर्षसम्म सञ्चालन गरिएको थियो तर हाल यो परियोजना पूर्णरूपमा ठप्प बनेको हो।

परियोजनाका निर्माण कन्सल्टेन्ट इन्जिनियर विवेक अग्रवालका अनुसार सङ्घीय सरकारको छ करोड रुपैयाँ अनुदानसहित करिब २७ करोड रुपैयाँको लागतमा करिब एक बिघा जमिनमा प्रशोधन केन्द्र निर्माण गरिएको थियो । उपमहानगरपालिकाले निजी कम्पनीसँगको साझेदारीमा फोहरबाट ऊर्जा उत्पादन गर्ने 'वेस्ट टु इनर्जी' परियोजनाअन्तर्गत यसलाई सञ्चालनमा ल्याएको भए पनि स्थानीय र सङ्घीय सरकारले आवश्यक चासो र आवश्यक सहयोग गर्न नसक्दा बन्द हुन पुगेको इन्जिनियर अग्रवालले बताए।

दैनिक ५० टन फोहर प्रशोधन गर्न सक्ने क्षमता रहेको उक्त केन्द्रबाट दैनिक एक हजार २०० किलोग्राम बायोग्यास र चार सय किलोग्राम जैविक मल उत्पादन हुने गरेको थियो। लामो समयदेखि केन्द्र बन्द रहेका कारण यसलाई पुनः सञ्चालनमा ल्याउन निकै कठिन रहेको र सुरुवाती चरणकै जस्तो ठूलो खर्च लाग्ने भएकाले तत्काल सञ्चालन गर्न सहज नभएको अग्रवालको भनाइ छ।

धरान उपमहानगरपालिकाका वातावरण अधिकृत भेषराज घिमिरेका अनुसार प्रशोधन केन्द्रका लागि धरानको फोहरले मात्र नपुगेपछि छिमेकी स्थानीय तहहरूबाट फोहरमैला जुटाउने प्रयास गरिएको थियो तर सरकारका विभिन्न नीतिगत कठिनाइ र उत्पादित ग्यास प्रयोगमा देखिएका कानुनी तथा व्यवहारिक समस्याका कारण निजी क्षेत्रले यो केन्द्र सञ्चालन गर्न नसकेको उनले बताए।

उपमहानगरपालिकाले प्रशोधन केन्द्रका प्रतिनिधिहरूलाई बोलाएर सञ्चालनमा देखिएका समस्या समाधानका लागि चाँडै नै संवाद अगाडि बढाउने तयारी गरेको छ। अधिकृत घिमिरेले भने, 'यो प्रशोधन केन्द्र पूर्ण रूपमा सञ्चालनमा आउन सके धरानको फोहर व्यवस्थापन र वैकल्पिक ऊर्जा उत्पादनमा ठूलो सहयोग हुनेछ।'

धरानमा दैनिक ३० देखि ३२ टनसम्म फोहर सङ्कलन हुने गरेको छ । फोहर व्यवस्थापनका लागि उपमहानगरपालिकाको वार्षिक साढे चार करोड रुपैयाँ खर्च हुने गरेकोमा फोहर सङ्कलन शुल्कबाट भने करिब साढे दुई करोड रुपैयाँ मात्र आम्दानी हुने गरेको उनले जानकारी दिए। प्रशोधन केन्द्र बन्द भएपछि धरानको फोहरलाई नियमित रूपमा धरान–१५ स्थित सामुदायिक वन नजिकै नदी उकास जग्गामा खुला रूपमा डम्पिङ गर्ने र जलाउने गरिएको छ । फोहर जलाउँदा निस्कने बाक्लो धुवाँका कारण ऐतिहासिक चारकोसे जङ्गल क्षेत्र दिउँसै अँध्यारो हुने अवस्था सिर्जना भएको छ।

जङ्गल क्षेत्रमा उड्ने धुवाँका कारण नजिकै रहेको कोशी राजमार्गमा आवतजावत गर्ने सवारीसाधन र सर्वसाधारणले ठूलो सास्ती भोग्नु परिरहेको छ । धुवाँले गर्दा सडकमा 'भिजिबिलिटी' (दृश्यता) कम भई सवारी दुर्घटनाको जोखिम उच्च बनेको छ जसले यात्रुहरूको सुरक्षामै गम्भीर चुनौती थपेको छ। डम्पिङसाइटमा कबाडी सामान सङ्कलन गर्ने व्यक्तिहरूले फलाम र तामाजस्ता धातु खोज्ने बहानामा रात्रिकालीन समयमा आगो लगाइदिने गरेका छन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## रास्वपा महाधिवेशनः
# निर्वाचनमा कडा मापदण्ड, उम्मेदवारीमा कडाइ




**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सक्षम नेतृत्व चयन गर्न कडा मापदण्ड लागू गरिएको छ । योग्य व्यक्तिलाई मात्र प्रतिस्पर्धामा आउन दिने उद्देश्यले नियममा कडाइ गरिएको हो । निर्वाचन प्रक्रियाअनुसार सभापति, पदाधिकारी र केन्द्रीय सदस्य पदका लागि एक÷एक जना प्रस्तावक अनिवार्य गरिएको छ । सभापतिका लागि ५१ जना समर्थक र २१÷२१ जना समर्थक अनिवार्य गरिएको छ ।

केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार प्रस्तावक र समर्थक दुवै उम्मेदवार स्वयं हुन नपाउने व्यवस्था गरिएको छ । उनले भने, नेतृत्व विकास भएका सक्षम व्यक्तिलाई जिम्मेवारी दिन यो नियम राखिएको हो ।

देशकै ठुलो पार्टीका रूपमा रास्वपाको सङ्गठन सञ्चालनका लागि क्षमतावान् र योग्य समूह आवश्यक भएकाले सोहीअनुसार छनोट प्रक्रिया कडा बनाइएको केसीले बताए । यसले केन्द्रमा प्रतिस्पर्धा गर्न सक्ने निखारिएका नेतृत्व मात्र अघि आउने उनको भनाइ छ ।

सङ्गठन विस्तारमा सक्रिय रहेकाहरूलाई समर्थक जुटाउन सहज हुने र उनीहरू नेतृत्वमा पुग्ने सम्भावना बढी हुने उनले बताए । बन्द सत्र समाप्त भएपछि निर्वाचन प्रक्रिया प्रारम्भ हुनेछ । रासस

# मौसम अनुकूल हुँदा रास्वपाको महाधिवेशन सहज, गर्मीको प्रभाव न्यून

**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महाधिवेशन उद्घाटन सत्रको अघिल्लो दिन प्रमुख ध्यान मौसममा थियो । प्रचण्ड गर्मीका कारण सहभागीहरू बिरामी पर्नसक्ने त्रास थियो । प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा जिल्लास्थित अस्पतालका सञ्चालक, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको उपस्थितिमा विशेष तयारी गरिएको थियो । रास्वपाका नेता डा. मनोहर प्रधानको नेतृत्वमा कार्यक्रमस्थलमा तीन ठाउँमा 'हेल्थ डेस्क' राखिएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रपछि वर्षा हुँदा सहभागीहरूलाई केही कठिनाइ भए पनि गर्मीका कारण हुन सक्ने स्वास्थ्य समस्या देखिएन । डा. प्रधानका अनुसार दुई जना सहभागी गर्मीका कारण बेहोस भएका थिए । उनले भने, "पानी नपरेको भए धेरै बेहोस हुने सम्भावना थियो । हिमाल र पहाडबाट आएका सहभागीहरूलाई चितवनको चर्को गर्मी थेग्न कठिन हुने अवस्था रहे पनि वर्षाले राहत भएको उनले बताए । रास्वपाका जिल्ला नेता प्रकाश आचार्यका अनुसार महाधिवेशनको अघिल्लो दिनदेखि दैनिक वर्षा हुँदा बाहिरबाट आएका सहभागीलाई असहज भएको छैन । उनले भने, दैनिक पानी परेको छ । तापक्रम बढेको छैन ।

मंगलबार दिउँसो १ बजे यहाँको तापक्रम ३४ डिग्री सेल्सियस मापन गरिएको छ । नागरिक उड्डयन प्राधिकरणका प्रमुख दीपक विकेका अनुसार विगतका असारमा यहाँको तापक्रम ३९ डिग्रीसम्म पुग्ने गरेको थियो । उनले भने, 'रास्वपाको महाधिवेशन सहज भयो ।' दैलेखका दिनेश राईले चितवनमा अत्यधिक गर्मी हुने अपेक्षा भए पनि त्यस्तो अनुभव नभएको बताए । स्याङ्जाका मेघबहादुर आलेले नियमित वर्षाका कारण मौसम अनुकूल बनेको बताए ।

रास्वपा चितवनका सचिव तेजेन्द्र पौडेल महाधिवेशनलाई मौसमले साथ दिएको बताए । बाहिरबाट आएका प्रतिनिधिहरूले चितवनको गर्मीलाई लिएर चिन्ता लिए पनि यहाँ आएपछि त्यस्तो समस्या नभएको सहभागीहरूको भनाइ छ । रास्वपाका जिल्ला नेता नेत्र लामिछानेका अनुसार हिमाली र पहाडी जिल्लाबाट आएका प्रतिनिधिले अघिल्लो दिनसम्म पनि तापक्रमबारे जिज्ञासा राखेका थिए । मौसम अनुकूल भएकाले सहभागीहरूलाई राहत भएको उनले बताए ।

मौसम अनुकूल भएकाले फुर्सदको समयमा सहभागी पर्यापर्यटनमा सहभागी भएका गतिविधिमा सहभागी भएका छन् । देवघाटको धार्मिक यात्रा होस् वा सौराहाको हात्ती सफारी उनीहरूको पर्यटकीय क्षेत्रमा बाक्लो उपस्थिति छ । महाधिवेशनमा १० हजारभन्दा रास्वपाका कार्यकर्ता, शुभेच्छुकलागयत उपस्थित भएका अनुमान छ । रासस

# जनता खुसी भएपछि मात्रै संस्थाप्रतिको विश्वास बढ्छः मन्त्री तिमिल्सिना



**चितवन ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले लोकतन्त्रमा जनता केन्द्रमा हुने भएकाले जनता खुसी हुनेगरी काम गर्नुपर्नेमा जोड दिएका छन् । जिल्ला हुलाक कार्यालयको आज निरीक्षणपछि उहाँले जनता खुसी भएपछि मात्रै संस्थाप्रतिको विश्वास बढ्ने बताएका छन् ।

उनले भने, जनता खुसी भए मात्र विश्वास बढ्छ, जनताको विश्वास बढेपछि मात्रै तपाईको कामको महत्त्व बढ्छ । उनका अनुसार संस्था बलियो भएन भने संस्थामा काम गर्नेको जागिर पनि सुरक्षित हुँदैन । यो संस्थामा काम गर्ने हरेक कर्मचारीको हकहित सुरक्षित हुनुपर्छ, उनले अगाडि थपे, हामीले लोकतन्त्र भन्यौँ, तर संस्थालाई कमजोर बनायौँ, त्यसले गर्दा इतिहास मात्रै राम्रो भयो, वर्तमान बर्बाद भयो, यस्तै अनियमित गर्ने हो भने भविष्य कसरी सुरक्षित हुन्छ ?

कर्मचारीहरूलाई निर्देशन दिँदै मन्त्री तिमिल्सिनाले भने, तपाई कसको लागि काम गर्दै हुनुहुन्छ भन्ने कुरा सोच्नुपर्छ । हुलाक इतिहास बोकेको संस्था भएको भन्दै उनले इतिहासअनुसार संस्थाको अवस्था नभएको बताएका छन् । विकसित देशमा हुलाकको अर्थ नसकिएको उल्लेख गर्दै उनले भने, अझै हुलाक महत्त्वपूर्ण छ भन्ने कुरा विकसित देशमा देख्न सकिन्छ । कतिपय कुरा हुलाकबाटै पठाउँदा सुरक्षित हुने बताउँदै मन्त्री तिमिल्सिनाले हुलाक भनेर नाक खुम्च्याउने होइन कि हुलाकमा काम गर्छु भनेर गर्व गर्नुपर्ने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिएका छन् ।

चिठ्ठी पार्सल सुरक्षित रूपमा पुग्नुपर्नेमा जोड दिँदै मन्त्री तिमिल्सिनाले समयको महत्त्व बुझ्न आग्रह गरेका छन् । उनले भने, सामान जेसुकै भए पनि सुरक्षित र समयमा पुग्नु पर्छ । तपाईंहरूले जागिर सुरु गर्दा र अहिले समयको महत्त्व बढ्दै गएको उल्लेख गर्दै उनले कुनै बेला कुनै काम १० दिनमा भए पनि मानिसले गुनासो गर्दैनथे, अहिले एकै दिन ढिलो हुँदा पनि गुनासो गर्छन् त्यसैले सबैले समयको गति बुझ्नुपर्छ भने ।

मन्त्री तिमिल्सिनाले सेवाग्राहीलाई हाँसेर सेवा दिन सुझाव दिँदै निवृत्त जीवनमा हुलाकको कर्मचारी थिएँ भनेर गर्व गर्ने अवस्था आउनुपर्ने बताएका छन् । उनले भने,जताततै लथालिङ्ग, भ्रष्टाचारै भ्रष्टाचार, सेवाग्राही सन्तुष्ट छैनन्, अनि कुन अर्थमा सरकारले जनताको राजस्वबाट सेवा सुविधा बढाउन सक्छ ? जिल्ला हुलाक कार्यालय चितवनका प्रमुख शालिकराम बस्यालले कार्यालयका प्रगति र समस्याका बारेमा अवगत गराएको थियो । रासस

# गुटउपगुटमा नलाग्न सभापति लामिछानेको निर्देशन



**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीभित्र गुटउपगुट नबनाउन निर्देशन दिएको छ । महाधिवेशनको बन्दसत्रलाई आज यहाँ सम्बोधन गर्दै उनले गुट उपगुटले पार्टीलाई माथि नलैजाने बताए । सभापति लामिछानेले भने, हामीले पनि गुटउपगुट बनायौँ भने हामीबाट आउने परिणाम पनि पुराना पार्टीको जस्तै हुन्छ । फरक आउँदैन । फरक परिणाम निकाल्ने हो भने केही फरक गर्नैपर्छ । महाधिवेशनमा आफ्नो विवेक प्रयोग गर्न आग्रह गर्दै उनले भने, ५२ लाख जनताले विवेक प्रयोग गरेर हामीलाई जिताए, त्यही विवेक हामीले पनि प्रयोग गर्नुपर्छ ।

प्रतिनिधि चयन गर्दा विवेकपूर्वक गरिएको उनको भनाइ थियो । प्रतिनिधिहरूले तिरेको पाँच हजार ऐच्छिक बनाइएको भन्दै उनले त्यही पाँच हजार आवश्यक परे फिर्ता लैजान सक्ने बताए । उनले भने तपाईंले तिरेको पाँच हजार चाहेमा फिर्ता लिन सक्नुहुने छ । यति दिन बस्दा खर्च धेरै भएको छ, सक्नेले आफ्ना साथीको तिरिदिन्छु भने भने राम्रो हुन्छ । महाधिवेशन निर्वाचनको सन्दर्भमा उनले जसले जिते पनि घण्टीबाहकले जित्ने विश्वास व्यक्त गरियो । उनले भने, निर्वाचनमा जसले जिते पनि घण्टीबाहक जित्छ । म कसैको पक्षमा छैन । सभापति लामिछानेले थप भने, तपाईँले आफू कसलाई भोट हाल्नुहुन्छ, तपाईँको कुरा हो । यसलाई भोट दिनु उसलाई नदिनु भन्ने व्यक्ति रास्वपा होइन । सभापति लामिछानेले नेतृत्व चयनका लागि कसैलाई पनि उम्मेदवारी दिनबाट वञ्चित नगराइने स्पष्ट पारियो । उनले सांसद वा मन्त्री भइसकेका व्यक्तिलाई उम्मेदवार बन्न नदिने भन्ने हल्ला निराधार रहेको बताए ।

उनले भने, पुराना र नयाँ सबै साथीलाई आफ्नो योग्यता र क्षमताअनुसार प्रतिस्पर्धा गर्ने अधिकार रहेको छ । पार्टीले कसलाई भोट हाल्ने वा नहाल्ने भन्ने विषयमा कुनै औपचारिक निर्णय नगरेको भन्दै उहाँले प्रतिनिधिहरूलाई आफ्नो विवेक प्रयोग गरेर नेतृत्व छान्न आग्रह गरियो । उनले भने, रास्वपा 'ह्वीप' भन्दा पनि 'विवेक' ले चल्ने पार्टी हो ।

पार्टीभित्र हुने सामान्य असन्तुष्टि र मनमुटावलाई कोठाभित्रै बसेर छलफलमार्फत टुङ्ग्याउनुपर्नेमा जोड दिँदै सभापति लामिछानेले सडक वा मैदानमा लगेर तमासा नबनाउन प्रतिनिधिलाई सचेत गराए । रास्वपा आफ्ना सबै मतभेद अन्त्य गर्न सक्ने पार्टी भएको उदाहरण प्रस्तुत गर्नुपर्ने भन्दै उनले विना विवाद, स्वस्थ र स्वच्छ तरिकाले महाधिवेशन सम्पन्न गरेर इतिहास रच्न आह्वान गरियो । बन्दसत्रको उद्घाटन मन्तव्य पार्टी सभापति लामिछानेले दिएपछि बन्दसत्रका औपचारिक कार्यक्रमहरू सुरु भएका छन् । बन्दसत्र सम्पन्न गरेर निर्वाचनका कार्यक्रम अघि बढाउने तयारी छ । रासस

# सम्पदास्थलको जग्गा विवाद समाधान गर्न निर्देशन

**काठमाडौं ।**
विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौँ उपत्यकाका मुख्य सम्पदास्थलका जग्गा स्वामित्व विवाद समाधान गर्न महालेखापरीक्षकको कार्यालयले निर्देशन दिएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र, बौद्धनाथ स्तुप क्षेत्र र स्वयम्भूनाथ क्षेत्रमा गुठी संस्थान र सम्बन्धित सम्पदास्थलमा रहेका कोष एवं समितिबीच जग्गा स्वामित्व विवाद रहेको महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको महालेखापरीक्षकको ६३औँ प्रतिवेदनको कार्यमूलक लेखापरीक्षण खण्डमा उल्लेख छ ।

गुठी संस्थान ऐन, प्राचीन स्मारक संरक्षण ऐन तथा सम्बन्धित क्षेत्र विकास समितिको ऐन, नियमबीच सामाञ्जस्यता कायम गरी मूर्त तथा अमूर्त सम्पदाको स्वामित्व किटान गरी सोको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महालेखापरीक्षकको प्रतिवेदनले निर्देशन दिएको हो । संस्थानले काठमाडौँमा एक हजार २८२, भक्तपुरमा ३०९ र ललितपुरमा ४२२ समेत उपत्यकाभित्र दुई हजार १३ अमूर्त सम्पदाअन्तर्गत रहेका जात्रा, पर्व र पूजापाठ सञ्चालन गुठीको आम्दानीबाट गर्ने गरेको छ । स्थानीय तह र सम्बन्धित हेरचाह अड्डा, कोष तथा विकास समितिले समेत यी सम्पदा सञ्चालनमा योगदान गर्दै आएका छन् ।

देशभर ७१७ मठ, मन्दिरलगायतका सम्पदाको जात्रा, पर्व र पूजापाठका लागि उपत्यकाभित्रका एक हजार ११२ समेत ६८ जिल्लामा दुई हजार ८२ राजगुठीअन्तर्गत पहाडी क्षेत्रमा पाँच लाख ६१ हजार ९९० रोपनी र तराई क्षेत्रमा ६६ हजार ३३० बिघा गुठी जग्गा रहेको प्रतिवेदनमा उल्लेख छ । रासस

## शान्ति मिश्रको योगदानमा आधारित
# हुलाक टिकट सार्वजनिक



**काठमाडौँ ।**
हुलाक सेवा विभागले मुलुकको पहिलो आधुनिक पुस्तकालयकी संस्थापक शान्ति मिश्रको सम्मानमा हुलाक टिकट प्रकाशन गरेको छ । मंगलबार सूचना तथा सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले मंगलबार आयोजित एक कार्यक्रममा उक्त टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गरिन् ।

विसं २०१९ मा स्थापना भएको नेपालको पहिलो आधुनिक पुस्तकालयको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेकी शान्ति मिश्रको योगदानको स्मरणस्वरूप हुलाक टिकट प्रकाशन गरिएको हो । कार्यक्रममा सचिव बस्नेतले विसं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई आधुनिक स्वरूप दिन शान्ति मिश्रको लगन र मेहनत निर्णायक रहेको बताइन् । उनले महिलाको योगदानलाई सम्मान गर्दै हुलाक सेवा विभागले टिकट प्रकाशन गरेकामा त्यसको सराहना गरिन् । शान्ति मिश्रका श्रीमान् नारायण मिश्रले दिवङ्गत पत्नीको पुस्तकालय विकासप्रतिको समर्पण स्मरणबारे सुनाए । त्रिभुवन विश्वविद्यालयमा जानकारी दिँदै उनले भने, शान्ति पुस्तकालयलाई वृहत् बनाउने सोच राख्थिन्, त्यसैले पढाउन छोडेर पुस्तकालय नै रोजिन् ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका अध्यक्ष सागरराज सुवेदीले वर्तमान केन्द्रीय पुस्तकालयको आधारशिला शान्ति मिश्रकै योगदानबाट स्थापित भएको बताए । हाल उक्त पुस्तकालयमा चार हजारभन्दा बढी पुस्तक रहेका र तिनको ई–लाइब्रेरीमा रूपान्तरण जारी रहेको जानकारी दिए ।

विभागकी महानिर्देशक मनमाया भट्टराई पँगेनीले हुलाक टिकट केवल कागजको टुक्रा नभई ऐतिहासिक दस्तावेजको रूपमा संरक्षण हुने माध्यम भएको बताइन् । टिकटका माध्यमबाट शान्ति मिश्रको योगदानको कदर भएको र त्यसले मुलुकको गौरवसँगै आधुनिक पुस्तकालयको प्रतिष्ठा बढाएको उनले बताइन् । रासस

# शक्तिखोर औद्योगिक क्षेत्र निर्माणको काम अघि बढ्छः मन्त्री यादव




**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले चितवनको शक्तिखोर औद्योगिक क्षेत्र निर्माणको कामअघि बढाइने बताएकी छन् । चितवन उद्योग सङ्घले मंगलबार आयोजना गरेको कार्यक्रममा उनले औद्योगिक क्षेत्र सञ्चालन गर्ने विषयमा पहल भइरहेको र छिट्टै यसलाई अगाडि बढाउने बताकी हुन् । उनले सरकारले उद्योगी व्यवसायीलाई लगानी गर्ने र रोजगारी सृजना गर्ने काममा लाग्न प्रेरित गर्ने बताइन् ।

नियम उल्लङ्घन गर्ने उद्योगहरूको विद्युत् लाइन काटिएको र नीति, प्रक्रियामा आई सञ्चालन भएका उद्योगलाई छुटसहित सहयोग गरिएको मन्त्री यादबले बताइन् । चितवन उद्योग सङ्घका उपाध्यक्ष गोपालप्रसाद गैरेले सङ्घका परियोजनाहरूको बारेमा जानकारी गराउँदै शक्तिखोर औद्योगिक क्षेत्रको सञ्चालन गर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । व्यवसायी अर्जुन सापकोटाले नेपाली उद्योगका लागि आवश्यक कच्चा पदार्थमा सरकारले कर छुट दिनुपर्ने बताए ।

औद्योगिक क्षेत्र निर्माणका लागि कालिका नगरपालिकाका ३, ७ र ८ र इच्छाकामना गाउँपालिकाको ७ नम्बर वडाको एक हजार १७८ हेक्टर जग्गा तोकिएको छ । औद्योगिक क्षेत्र निर्माणका लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदनअनुसार करिब ३७ अर्ब लागत लाग्ने अनुमान छ । रासस

# मन्त्री मेहताद्वारा बकुलहर रत्ननगर अस्पतालको निरीक्षण



**भरतपुर ।**
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले रत्ननगरस्थित बकुलहर रत्ननगर अस्पतालको निरीक्षण गरेकी छन् । मंगलबार सांसद हरि ढकालसहित निरीक्षणमा अस्पताल पुगेकी मन्त्री मेहताले अस्पतालमा प्राविधिक र जनशक्ति व्यवस्थापनमा मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता जनाइन् । उनले स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्दै जनगुनासो नआउने गरी काम गर्न चिकित्सक र स्वास्थ्यकर्मीलाई निर्देशन दिइन् । नागरिकले सहज रूपमा उपचार पाउने व्यवस्था गर्नु सरकारको दायित्व रहेको भन्दै मन्त्री मेहताले स्वास्थ्य बिमाबाट गुनासो नआउने गरी सेवा प्रदान गर्नुपर्नेमा जोड दिइन् ।

सो अवसरमा अस्पतालका निमित्त निर्देशक डा अङ्कुर पौडेलले अस्पतालमा सिटिस्क्यान मेसिन आवश्यक रहेको भन्दै बजेटको व्यवस्था गरिदिन अनुरोध गरे ।

उनले चिकित्सक सहितको जनशक्ति व्यवस्थापन र भौतिक संरचना निर्माणमा पनि मन्त्रालयले सहयोग गर्ने अपेक्षा राखे । प्रदेश सरकार मातहत रहेको यस अस्पतालमा नर्सिङ कलेज स्थापनाका लागि पहल भइरहेको सांसद ढकालले बताए । अस्पतालमा दैनिक एक हजार ३०० भन्दाबढी बिरामीले सेवा लिँदै आएका छन् । रासस

# पौवादुङमामा २१ फर्मलाई ६० लाख सहयोग



**भोजपुर ।** भोजपुरको पौवादुङमा गाउँपालिकाले व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्दै किसान लक्षित रु ६० लाख बराबरको कार्यक्रम सञ्चालन गरेको छ ।

स्थानीयलाई आत्मनिर्भर बनाउँदै कृषिमा आधारित आयआर्जन वृद्धि गर्ने उद्देश्यसहित गाउँपालिकाले २१ वटा कृषि फर्मलाई अनुदान सहयोग प्रदान गरेको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईका अनुसार कार्यक्रमका लागि गाउँपालिकाबाट रु ३० लाख बजेट विनियोजन गरिएको छ भने कृषकहरूको तर्फबाट पनि बराबरको रु ३० लाख लागत साझेदारी गरिएको छ । यसरी कूल रु ६० लाखको लगानीमा कार्यक्रम कार्यान्वयन गरिएको उनले जानकारी दिए ।

महिला विकास बोर्डअन्तर्गत सञ्चालित 'उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम'मार्फत वडा नं ४, ५ र ६ का किसानलाई पशुपालनमा अनुदान सहयोग उपलब्ध गराइएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताए । उनका अनुसार यसअघि सोही कार्यक्रममार्फत वडा नं १, २ र ३ मा उन्नत जातका गाई वितरण गरिएको थियो ।

चालु आर्थिक वर्षमा बाँकी वडामा कार्यक्रम विस्तार गरिएको हो ।

कार्यक्रमअन्तर्गत २० वटा बङ्गरपालन फर्म र एक वटा बाख्रापालन फर्मलाई सहयोग गरिएको छ । किसानको ५० प्रतिशत लागत साझेदारी रहने यस योजनामा खोर निर्माण, पाठापाठी (बङ्गुर तथा बाख्रा) खरिद र आवश्यक प्राविधिक सहयोगमा गाउँपालिकाले सहजीकरण गरेको जनाएको छ ।

उपाध्यक्ष राईका अनुसार यस कार्यक्रमले विशेषगरी ग्रामीण क्षेत्रमा आयआर्जनका नयाँ अवसर सिर्जना गर्नुका साथै महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुर्याउने अपेक्षा गरिएको छ । 'हामीले महिलालाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गरेका छौँ', उनले भने, 'यसले घरपरिवारको आर्थिक अवस्था सुधार्न सहयोग गर्नेछ ।'

गाउँपालिका अध्यक्ष किरण राईले गाउँपालिकालाई दुध तथा मासुमा आत्मनिर्भर बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको बताए । हामीले दुध र मासुमा आत्मनिर्भर गाउँपालिका निर्माणको लक्ष्य राखेका छौँ, अध्यक्ष राईले भने, गत वर्ष गाई वितरण गरेपछि यस वर्ष बङ्गुर र बाख्रापालन कार्यक्रम विस्तार गरेका छौँ । अहिले उत्पादन भएको दुध भोजपुर सदरमुकामसम्म पुग्न थालेको छ ।

गाउँपालिकाको सहयोगमा आधुनिक खोर निर्माण गरी व्यावसायिक बङ्गुरपालनमा जुट्नुभएका स्थानीय वर्तामाया राईले अनुदानले उद्यम सुरु गर्न सहज भएको बताए । उनले धरानबाट १० वटा उन्नत जातका बङ्गुर ल्याएर व्यवसाय सुरु गरे ।

यस्तै, लिलामाया राईले महिलामुखी कार्यक्रम प्रभावकारी भएको बताउँदै घरायसी काममा सीमित महिलाहरूलाई आयआर्जनको अवसर प्राप्त भएको बताए ।

गाउँपालिकाको लागत साझेदारीमा आधुनिक खोर निर्माण गरेर व्यावसायिक रुपमा बंगुरपालन थालेको स्थानीयवासी अनिता राईले बताइन् ।

आफ्नो घरमा धरानबाट ल्याएका १३ वटा हेमसार बङ्गुर रहेको उनले जानकारी दिइन् । राम्रो ढङ्गले फस्टाएको खण्डमा एउटा बङ्गुर रु ५० हजारदेखि ६० हजारसम्ममा बिक्री हुने उनको भनाइ छ ।

स्थानीय कृषक जयमारानी राईका अनुसार अनुदान सहयोगपछि पशुपालनप्रति आकर्षण बढेको छ । "प्रारम्भिक लगानीमा सहयोग पाएपछि व्यावसायिक रूपमा अघि बढ्न सजिलो भयो", उनले भनिन् । गाउँपालिकाले कृषिलाई आधुनिक र व्यावसायिक बनाउने लक्ष्यसहित यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ ।

पशुपालनमार्फत आय वृद्धि, रोजगारी सिर्जना र ग्रामीण अर्थतन्त्र सुदृढ बनाउने उद्देश्यले थप योजना ल्याइने गाउँपालिकाको भनाइ छ । यस प्रकारका सहुलियत र साझेदारीमा आधारित कार्यक्रमले स्थानीयस्तरमै उत्पादन र आम्दानी बढाउँदै आत्मनिर्भर गाउँ निर्माणतर्फ महत्वपूर्ण योगदान पु¥याउने स्थानीय जानकारहरुको भनाइ छ । रासस

## विश्वकप फुटबलः
# मेस्सीको दुई गोलको मद्दतमा अर्जेन्टिना नकआउट चरणमा

**काठमाडौँ ।** कप्तान लियोनल मेस्सीको दुई गोलको मद्दतमा अर्जेन्टिना जारी विश्वकप फुटबल २०२६ को नकआउट चरणमा प्रवेश गरेको छ । मंगलबार सम्पन्न खेलमा अर्जेन्टिनाले अष्ट्रियालाई २–० गोलअन्तरले पराजित गरेको हो । अमेरिकाको डालास स्टेडियममा मेस्सीले खेलको ३८औँ मिनेटमा पहिलो गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा उनले व्यक्तिगत दोस्रो गोल गर्दै आफनो देशको जित सुनिश्चित गरे । जितसँगै अर्जेन्टिनाका कप्तान मेस्सीले जर्मनीका मिरोस्लाभ क्लोजको नाममा रहेको १६ गोलको कीर्तिमानलाई पछि पार्दै विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन् ।



मेस्सीले मंगलबारको खेलसँगै विश्वकपमा १८ गोल गरिसकेका छन् । यसअघि अल्जेरियाविरुद्धको पहिलो खेलमा अर्जेनिन्टना विजयी हुँदा मेस्सीले ह्याट्रिक गोल गरेका थिए । समूह 'जे' मा रहेको अर्जेन्टिना लगातार दोस्रो जित निकाल्दै ६ अङ्क जोडेर अङ्क तालिकाको शीर्ष स्थानमा रहेको छ । त्यस्तै पराजित अष्ट्रिया दुई खेलबाट ३ अङ्क जोड्दै दोस्रो स्थानमा छ । यसै समूहमा रहेका जोर्डन र अल्जेरिया अङ्कबिहीन छन् । उनीहरुले समान एक/एक खेल खेलेका छन् । रासस

# कफीखेतीबाट बदलिँदै भोजपुरका किसानको जीवनस्तर



**भोजपुर ।** आफूले उत्पादन गरेको प्राङ्गारिक (अग्र्यानिक) कफीको माग अन्तर्राष्ट्रिय बजारमा निरन्तर बढ्न थालेपछि भोजपुरको षडानन्द नगरपालिकाका कृषक जीवन थापा निकै उत्साहित देखिन्छन् । परम्परागत खेतीपाती छाडेर नगदेबालीका रूपमा कफीखेतीबाट राम्रो आम्दानी हुने देखेपछि उनी केही वर्षयता यसको व्यावसायिक खेतीमा लागेका हुन् ।

थापाले ६५ रोपनी क्षेत्रफलमा कफीखेती विस्तार गरेका छन् । उनले उत्पादन गरेको कफीको बजारका लागि कुनै समस्या छैन र यो स्वदेशी बजारमा मात्र नभई विदेशमा समेत निर्यात हुन थालेको छ । उनी अहिलेसम्म करिब एक हजार केजी कफी विदेश निर्यात गरिसकेको बताउँछन् ।

हाल उनी आफ्नै प्रशोधन उद्योगमार्फत कफीको मूल्यवद्र्धन गरिरहेका छन् । 'कच्चा दाना मात्र बेच्नुभन्दा प्रशोधन गरेर बेच्दा मूल्य दोब्बर हुन्छ,' उनी भन्छन् । थापाजस्तै अन्य किसान पनि कफीखेतीतर्फ आकर्षित भएका छन् । स्थानीय कृषक प्रितमकुमार राई कफीखेतीलाई दीर्घकालीन आम्दानीको स्रोतका रूपमा लिनुपर्ने बताउँछन् । 'एकपटक रोपेको कफीले वर्षौंसम्म उत्पादन दिन्छ, त्यसैले यो टिकाउ खेती हो,' उनी भन्छन् ।

अर्की स्थानीय सङ्गीता राईले नगरपालिकाबाट बिरुवा, मल र उपकरण पाएपछि काम गर्न निकै सजिलो भएको र यसमा महिलाहरूको सक्रिय सहभागिताले महिला सशक्तीकरणमा समेत योगदान पु¥याएको बताइन् । वैदेशिक रोजगारीबाट फर्किएका स्थानीय कृषक मुक्ति राई पनि विदेश जानुभन्दा गाउँमै मिहिनेत गर्दा कफीबाट राम्रो आम्दानी लिन सकिने अनुभव सुनाउँछन् ।

गरिबी न्यूनीकरण र कृषिको व्यवसायीकरणलाई लक्ष्य बनाउँदै षडानन्द नगरपालिकाले आर्थिक वर्ष २०८२÷८३ मा करिब ३ करोड रुपैयाँको लगानीमा प्राङ्गारिक कफीखेती विस्तार तथा व्यवसायीकरण परियोजना सुरु गरेको छ । कफीलाई आयआर्जन र रोजगारीको मुख्य आधार बनाउने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवद्र्धन गर्ने र स्थानीय उत्पादनको 'ब्रान्डिङ' गर्ने लक्ष्यसहित कार्यक्रमलाई प्राथमिकतामा राखिएको हो । कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले १ करोड ६५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ भने किसानको लागत साझेदारीसमेत समावेश गर्दा परियोजनाको कुल आकार २ करोड ८९ लाख रुपैयाँ पुग्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृकाप्रसाद दाहालले जानकारी दिए ।

सार्वजनिक–निजी साझेदारीको यो अभ्यासले उत्पादन र बजारबिचको दूरी घटाउने तथा आगामी पाँच वर्षभित्र षडानन्दलाई 'कफी हब' का रूपमा विकास गर्ने नगरपालिकाको योजना छ । पहाडी भूभाग, मध्यम तापक्रम र उपयुक्त वर्षाले कफीका लागि अनुकूल वातावरण प्रदान गरेको छ ।

परियोजनाअन्तर्गत पहिलो चरणमा १५७ जना किसान प्रत्यक्ष रूपमा लाभान्वित हुने कृषि शाखा प्रमुख शिला पुन मगरले जानकारी दिइन् । उनीहरूका लागि ७५ हजार वटा कफी बिरुवा, खेत जोत्नका लागि ५ एचपी क्षमताका ११३ वटा र ७ एचपी क्षमताका ५० वटा मिनीटिलर उपलब्ध गराइनेछ । साथै २० वटा ब्रस कटर, २५७ वटा स्प्रेयर र १६ वटा सिकेचर वितरण गरिनेछ । खेतीलाई पूर्ण रूपमा प्राङ्गारिक बनाउन २२ हजार ६२० केजी गोठेमल, २१ हजार ३६० केजी हड्डी मल, ८६ लिटर खनिज तेल, १०० लिटर बोर्डो पेस्ट र ३३ लिटर इएम (इफेक्टिभ माइक्रोअर्गानिज्म) समेत उपलब्ध गराइनेछ ।

कृषि क्षेत्रको व्यवसायीकरण र ग्रामीण अर्थतन्त्रको सुदृढीकरणका लागि यो कार्यक्रम सञ्चालन गरिएको षडानन्दका नगरप्रमुख सुरेन्द्रकुमार उदास बताउँछन् । 'हामीले बृहत् रूपमा कफीखेती विस्तार कार्यक्रम सञ्चालन गरेका छौँ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको अध्ययन गर्दा कफीको सम्भावना निकै राम्रो देखिएकाले किसानलाई प्रोत्साहन गर्दै लगानी बढाएका हौँ,' उनले भने ।

नगर उपप्रमुख प्रमिला राईका अनुसार यो कार्यक्रमले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई गाउँमै टिकाउने आधार तयार गर्नेछ । नगरपालिकाले सामग्री वितरणमा मात्र सीमित नरही बिरुवा रोप्ने विधि, रोग नियन्त्रण र पोस्ट–हार्भेस्ट व्यवस्थापन लगायतका विषयमा क्षमता अभिवृद्धि तालिम समेत सञ्चालन गर्नेछ ।

कफीखेतीका लागि समुद्री सतहबाट ८०० मिटरदेखि १ हजार ८०० मिटरसम्मको क्षेत्र उपयुक्त मानिन्छ र षडानन्दका १४ वडामध्ये १३ वटा वडामा यो खेती विस्तार भइरहेको छ । कफीलाई पर्यटनसँग जोडेर 'एग्रो–टुरिज्म' को रूपमा विकास गर्ने सम्भावना समेत रहेको छ । प्राविधिक सेवा, बजार मूल्यको उतारचढाव र जलवायु परिवर्तनजस्ता समस्या समाधान गर्न सके षडानन्द नगरपालिका देशकै प्रमुख कफी उत्पादन केन्द्रका रूपमा स्थापित हुने देखिन्छ । रासस

# हर्मुजमा इरानको दाबी



**तेहरान ।** अमेरिका–इरान युद्ध अन्त्य गर्ने उद्देश्यले स्विट्जरल्यान्डमा सम्पन्न वार्तापछि इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिने हर्मुज जलघाँटी आफ्नो प्रशासनिक नियन्त्रणमा रहने घोषणा गरेको छ ।

इरानका प्रमुख वार्ताकार तथा संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले युद्धअघि जस्तो अवस्था अब कहिल्यै नफर्कने र अन्तर्राष्ट्रिय कानूनअनुसार हर्मुज इरानद्वारा नै प्रशासित हुने बताए ।

स्विट्जरल्यान्डको बर्गनस्टक रिसोर्टमा अमेरिका र इरानबीच भएको वार्तापछि तेहरान फर्किएका घालीबाफले वार्ताबाट सकारात्मक उपलब्धि हासिल भएको दाबी गरे । उनले हर्मुज जलघाँटी, लेबनानको अवस्था, इरानी तेलमा दिइने छुट तथा रोक्का गरिएका सम्पत्ति फुकुवाका विषयमा महत्त्वपूर्ण प्रगति भएको बताए ।

इरान र संयुक्त राज्य अमेरिका सोमबार हर्मुज जलघाँटी खुला राख्ने, समुद्री मार्गको सुरक्षा सुनिश्चित गर्ने तथा लेबनानमा जारी द्वन्द्व अन्त्यका लागि सञ्चार संयन्त्र स्थापना गर्न सहमत भएका थिए । मध्यस्थकर्ताहरूका अनुसार मध्यपूर्वमा फैलिएको तनाव कम गर्न दुवै पक्षबीच प्रत्यक्ष सम्पर्कको व्यवस्था गर्ने समझदारी पनि भएको छ ।

घालीबाफले भिडियो सन्देशमार्फत आफूहरू अझै प्रक्रियाको प्रारम्भिक चरणमै रहेको उल्लेख गर्दै कूटनीतिक प्रयास निरन्तर जारी रहने बताए । उनका अनुसार यो यात्रा विशेषगरी जलघाँटीको व्यवस्थापन, लेबनानको अवस्था, तेल कारोबार र आर्थिक विषयमा उपयोगी साबित भएको छ । वार्तापछि अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानले संयुक्त राष्ट्रसङ्घका आणविक निरीक्षकहरूलाई पुनः देशभित्र काम गर्न अनुमति दिने जानकारी दिएको थियो । त्यसलगत्तै अमेरिकाले इरानी तेलमाथि लगाइएका केही प्रतिबन्ध अस्थायी रूपमा निलम्बन गरेको जनाइएको छ ।

सम्झौताअनुसार तेहरानले प्रतिबन्धमा आंशिक राहत पाउने तथा विदेशमा रोक्का गरिएका सम्पत्तिहरू फुकुवा हुने अपेक्षा गरेको छ । इरानी सरकारी सञ्चारमाध्यमका अनुसार घालीबाफले वार्तापछि ओमानमा पनि भ्रमण गरेको थियो । ओमान हर्मुज जलघाँटीसँग जोडिएको मुलुक हो ।

युद्धको सुरुआती चरणमा इरानले बन्द गरेको हर्मुज जलमार्ग अमेरिका र इरानबीचको सहमतिपछि गत साता पुनः सञ्चालनमा आएको थियो । तर लेबनानमा भएको इजरायली आक्रमणको प्रतिक्रियास्वरूप तेहरानले शनिबार फेरि जलघाँटी बन्द गर्ने घोषणा गरेको थियो । कतार र पाकिस्तानका मध्यस्थकर्ताहरूका अनुसार त्यसयता तेहरान र वासिङ्टनले व्यापारिक जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न, सम्भावित घटना रोक्न र गलत बुझाइबाट उत्पन्न हुन सक्ने तनाव कम गर्न प्रत्यक्ष सञ्चार संयन्त्र स्थापना गर्ने सहमति गरेका छन् ।

समुद्री यातायात निगरानी गर्ने संस्थाहरूका अनुसार अमेरिका र इरानबीच युद्ध अन्त्यसम्बन्धी सहमति नजिकिँदै जाँदा सोमबार हर्मुज जलघाँटीमा जहाजहरूको आवागमन फेरि तीव्र गतिमा बढ्न थालेको छ । रासस

# डिजिटल युरोको दौड

**ब्रसेल्स ।** अमेरिकी भुक्तानी प्रणालीमाथिको निर्भरता घटाउँदै आफ्नै डिजिटल भुक्तानी संरचना निर्माण गर्ने उद्देश्यसहित युरोपेली सङ्घ (इयु) ले डिजिटल युरो परियोजनालाई अगाडि बढाएको छ । भिसा, मास्टरकार्ड, एप्पल पे र गुगल पेजस्ता अमेरिकी सेवाको विकल्पका रूपमा डिजिटल युरोलाई अघि सार्दै इयुले आफ्नो आर्थिक सार्वभौमिकता बलियो बनाउने रणनीति लिएको छ ।



यसै उद्देश्यका साथ युरोपेली सांसदहरूले मङ्गलबार डिजिटल युरोसम्बन्धी बहुप्रतीक्षित प्रस्तावमा मतदान गर्ने तयारी गरेका छन् । युरोपसँग आफ्नै साझा डिजिटल भुक्तानी प्रणालीको अभाव रहेको निष्कर्ष निकालिएको आधारमा युरोपेली केन्द्रीय बैंक (इसिबी) ले सन् २०२० मै डिजिटल युरोको अवधारणा सार्वजनिक गरेको थियो ।

डिजिटल युरो लागू गर्न युरोपेली संसद् र सदस्य राष्ट्रहरूको स्वीकृति आवश्यक पर्नेछ । यदि वर्षको अन्त्यसम्म आवश्यक कानूनी प्रक्रिया पूरा भएमा इसिबीले सन् २०२७ को मध्यतिर परीक्षण कार्यक्रम सञ्चालन गर्ने र सन् २०२९ सम्म सर्वसाधारणका लागि डिजिटल युरो उपलब्ध गराउने लक्ष्य राखेको छ ।

डिजिटल युरो बैंक खातामा रहेको सामान्य रकमभन्दा फरक हुनेछ । प्रयोगकर्ताले बैंक वा हुलाक कार्यालयजस्ता संस्थामार्फत विशेष डिजिटल वालेट खोल्नुपर्नेछ, जहाँ रकम जम्मा गरेर डिजिटल माध्यमबाट भुक्तानी गर्न सकिनेछ । कार्ड, मोबाइल एप, फोन वा अनलाइन प्रणालीमार्फत पसल तथा व्यक्तिबीच प्रत्यक्ष कारोबार गर्न सकिने व्यवस्था गरिने योजना छ ।

इसिबीले यस प्रणालीले प्रयोगकर्ताको गोपनीयता सुरक्षित गर्ने जनाएको छ । अधिकारीहरूका अनुसार अफलाइन भुक्तानीको सुविधा पनि उपलब्ध हुनेछ । यसले नगद कारोबारसरह गोपनीयता प्रदान गर्नेछ । डिजिटल युरोले नगद वा निजी भुक्तानी प्रणालीलाई विस्थापित नगरी थप विकल्प उपलब्ध गराउने दाबी गरिएको छ ।

इसिबीका डिजिटल युरो निर्देशकका सल्लाहकार एलेसान्ड्रो जियोभान्निनीले बैंक तथा व्यापारीहरूलाई नयाँ प्रणालीमा अनुकूल हुन समय आवश्यक पर्ने बताए । उनका अनुसार डिजिटल युरोले उपभोक्तालाई अझ डिजिटल बन्दै गएको जीवनशैलीमा भुक्तानीको विकल्प छनोट गर्ने स्वतन्त्रता प्रदान गर्नेछ । इयुका नीति निर्माताहरूले भुक्तानी प्रणालीलाई आर्थिक शक्तिको साधनका रूपमा व्याख्या गरेका छन् । सांसद गिल्स बोयरले युरोपले लामो समयदेखि अमेरिकी प्रणालीमाथिको निर्भरता भोगिरहेको र अब आफ्नै सार्वभौम भुक्तानी प्रणाली निर्माण गर्ने समय आएको बताए ।

युरोपेली अधिकारीहरूले सन् २०२५ मा अमेरिकाले अन्तर्राष्ट्रिय फौजदारी अदालतका न्यायाधीशमाथि लगाएको प्रतिबन्धलाई पनि उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । त्यसबेला एक फ्रान्सेली न्यायाधीशले आफ्नो भिसा कार्ड प्रयोग गर्न नसकेको घटना युरोपेली भुक्तानी स्वतन्त्रताको बहसमा उल्लेख हुने गरेको छ । इसिबीका अनुसार युरो क्षेत्रका झण्डै दुई तिहाइ कार्ड भुक्तानी गैर–युरोपेली कम्पनीहरू, विशेषगरी भिसा र मास्टरकार्डमार्फत सञ्चालन हुने गरेका छन् । साथै २१ मध्ये १३ युरोजोन देशमा दैनिक भुक्तानीका लागि आफ्नै राष्ट्रिय कार्ड प्रणालीसमेत छैन ।

यद्यपि डिजिटल युरो योजनाप्रति युरोपेली बैंकहरू भने सशङ्कित छन् । बैंकिङ क्षेत्रले नयाँ प्रणालीमा रूपान्तरण गर्न ठूलो लागत लाग्ने र ग्राहकहरूले आफ्नो निक्षेप डिजिटल युरोमा सारेमा बैंकको वित्तीय स्थिरतामा असर पर्न सक्ने चिन्ता व्यक्त गरेको छ । युरोपेली बैंकिङ महासङ्घले यसका लागि करिब १८ अर्ब युरो खर्च लाग्न सक्ने अनुमान गरेको छ भने इसिबीले वास्तविक लागत चारदेखि पाँच अर्ब ८० करोड युरोबीच रहने दाबी गरेको छ । इसिबीले डिजिटल युरोको संरचनाले ठूलो मात्रामा निक्षेप बाहिरिने जोखिम रोक्ने भएकाले बैंकिङ प्रणालीमा गम्भीर असर नपर्ने जनाएको छ । युरोपेली बैंकहरू आफ्ना अनलाइन सेवाको माग घट्ने र प्यान–युरोपेली भुक्तानी प्रणाली 'वेरो' सँग डिजिटल युरोले प्रतिस्पर्धा गर्न सक्ने चिन्तामा समेत रहेका छन् । रासस

# भारतीय पर्यटकले भरिए पोखराका होटल



**लेखनाथ ।**
पर्यटकीय राजधानी पोखरामा भारतीय पर्यटक खचाखच भएपछि यहाँका होटल भरिभराउ भएका छन् । यतिबेला लेकसाइडका सडक र बाराही मन्दिरमा अधिकांश भारतीय पर्यटकको चहलपहल बढेको छ ।
गण्डकी प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरू, विशेषगर फेवातालाको तालबाराही मन्दिर, विन्ध्यवासिनी, मुक्तिनाथ, तथा विभिन्न पदयात्रामा भारतीय पर्यटकको सङ्ख्या उत्साहजनक रहेको होटल सङ्घ पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताए । भारतमा बढ्दो गर्मीबाट राहत खोज्न तथा बिदाको सदुपयोग गर्न भारतीय नागरिकले नेपाललाई आकर्षक र सहज गन्तव्यका रूपमा रोज्न थालेको बताउँदै पोखरामा सुवेदीले उनीहरुको स्वागत र सम्मान गर्नु पोखरेली पर्यटन व्यवसायीको दायित्व भएको बताए । पर्यटकको चहलपहल बढेसँगै डुङ्गा सयर, पदयात्रा तथा अन्य पर्यटन गतिविधिसमेत बढेको अध्यक्ष सुवेदीको भनाइ छ ।
फेवातालमा दिनहुँ चार–पाँच हजार भारतीय पर्यटकले डुङ्गा सयर गर्ने गरेको जानकारी फेवा डुङ्गा व्यवसायी सङ्गठनका सहसचिव धनबहादुर विकले बताए । डेढ महिनादेखि भारतीय पर्यटक उल्लेख्य उपस्थिति र फेवातालको मध्यभागमा अवस्थित बाराही मन्दिरमा दर्शन गर्न जान रुचि राख्ने गरेको विकले बताए । 'दिनभरि ताल छेउमा डुङ्गा कुरी बेलुका रित्तो हात घर जानुपर्ने बमाध्यता भारतीय पर्यटक बढेसँगै हटेको छ,' सहसचिव विकले भने । अहिले बाराही घाटबाट मात्र दिनहुँ १ सय ४० डुङ्गाहरु चलायमान छन् । टान गण्डकीका कोषाध्यक्ष दीपक सापकोटाले पछिल्लो डेढ महिनामा मात्र डेढ लाख भारतीय पर्यटक पोखरा आएको जानकारी दिँदै उनीहरु धर्मिकस्थल, छोटो दूरीको पदयात्रा, प्याराग्लाइडिङ, वन्जिजम, डुङ्गा सयर तथा ¥याफ्टिङ गर्ने गरेको बताए । भारतीय पर्यटक यतिबेला पाँच तारेहोटलदेखि साना होटल र धर्मशालासम्म भरिभराउ रहेको बताए । भारतीय पर्यटकले कोठामा भन्दा पनि खानामा वार्गेनिङ गर्ने गरेको कुरा होटल व्यवसायी पार्वती पाण्डेले सुनाइन् । भारतमा होटलका रुम मंहगा हुने भएकाले रुममा उनीहरु खासै वार्गेनिङ गर्दैनन् ।
पोखरामा होटल भारतीय पर्यटकले धानिएको बताउँद्रै नेपालका पर्यटकीय तथा धार्मिक क्षेत्रका बारेमा भारतमा प्रचारप्रसार गर्न सके नेपालमा भारतीय पर्यटक खचाखच हुने उनको भनाइ छ ।
पर्यटन व्यवसायीले यो मौसमलाई 'अफसिजन'का रुपमा लिने गरेको भए पनि पर्यटकको संख्या उल्लेख्य रूपमा बढेपछि पर्यटन व्यवसायीहरू थप उत्साहित बनेका छन् । नेपाली नयाँ वर्षयता सुरु भएको पर्यटक आगमनको लहर जेठ महिनाको अन्त्यसम्म पनि निरन्तर कायम रहेको पर्यटन व्यवसायी बताउँछन् ।
पर्यटकीय रुपमा चहलपलल भएको पोखरामा एक महिनाको समयावधिमा पोखरामा मात्रै डेढ लाख भारतीय पर्यटक भित्रिएका तथ्याङ्क पर्यटन व्यवसायीसँग छ । यहाँका होटलको ९० प्रतिशत अकुपेन्सी पुगेको होटल व्यवसायीहरु बताउँछन् । विशेषगरी उनीहरु तालबाराही मन्दिर, पुग्दीको शिवमन्दिर, केदारेश्वर, विन्ध्यवासिनी, मुक्तिनाथ, मनकामना मन्दिरमा जाने गर्छन् ।
नेपालमा आउने पाहुनाको माया गर्नु हामी सबैको कर्तव्य हो । नेपालीहरु पनि भारतको धार्मिक मठमन्दिरमा जाँदा होटलमा भन्दा पनि बाहिर नै पकाएर खाने गर्छन् । पोखरामा एकैदिन १० हजार पर्यटक अटाउनसक्ने क्षमता होटलमा छ । रासस

# सिक्टा नहरको पानीले २२ हजार हेक्टरमा सिँचाइ

**रुपनी जिएम/रासस**
**बाँके ।**
पर्याप्त वर्षा नहुँदा पनि सिक्टा सिँचाइ आयोजनाबाट नहरमा पानी प्रवाह भएपछि बाँकेका विभिन्न क्षेत्रमा धान रोपाइँ तीव्र बनेको छ । आयोजनाले नहर प्रणालीमार्फत पानी उपलब्ध गराएपछि किसानले आकाशे पानीको प्रतीक्षा नगरी खेतमा धान रोप्न थालेका छन् ।
राप्तीसोनारी गाउँपालिका–३ नवलपुरकी मेलिना चौधरीले नहरबाट आएको पानीको सदुपयोग गर्दै सोमबारदेखि धान रोपाइँ सुरु गर्नुभएको छ । उनले चार कट्ठा खेतमा धान रोप्नुभएको छ भने बाँकी नौ कट्ठा खेतमा आज रोपाइँ सक्ने तयारी रहेको बताए ।
जलजला महिला समूहका १३ रुपार्नेको सहयोगमा खेत रोप्नुभएकी चौधरीले प्रतिव्यक्ति प्रतिघण्टा रु १२० का दरले ज्याला दिएर रोपाइँ गराउनुभएको हो । उनले भने, 'सिक्टाले नहरमा पानी छोडेपछि आकाशबाट पानी नपरे पनि ढुक्क भएर रोपाइँ गर्न पाएका छौँ । नहरको पानीले खेत रोप्न धेरै सजिलो भएको छ ।'
मेलिनाको खेतमा रोपाइँ गर्न आउनुभएकी सोही गाउँकी मनसरा डाँगीले पनि सिक्टाको पानीका कारण खेतीपाती गर्न सहज बनेको बताए । उनले आज आफ्नो १४ कट्ठा खेतमा धान रोप्ने तयारी रहेको जानकारी दिँदै भने, 'पहिले पानीको चिन्ताले रोपाइँ कहिले गर्ने भन्ने अन्योल हुन्थ्यो । अहिले नहरमा पानी आएपछि समयमा खेती गर्न सकिने भएको छ । आज आफ्नै खेतमा पनि रोपाइँ सुरु गर्छु ।' सिक्टा सिँचाइ आयोजनाले आइतबारदेखि राप्तीसोनारी गाउँपालिका–३ नवलपुर क्षेत्रमा पानी प्रवाह गरेपछि स्थानीय किसान रोपाइँमा जुटेका छन् ।
नवलपुरमा यस वर्षको पहिलो रोपाइँ स्थानीय किसान चन्द्रबहादुर थापाले गर्नुभएको थियो । उनले असारको पहिलो सातामै पाँच कट्ठा १४ धुर खेतमा धान रोपाइँ सम्पन्न गरिसकेको बताए ।



थापाले भने, 'सिक्टाको पानी उपलब्ध भएपछि खेत बाँझै रहने चिन्ता हटेको छ । अघिल्ला वर्षभन्दा अगाडि नै रोपाइँ गर्न पाएका छौँ । समयमै खेती गर्न सकिने भएकाले यस वर्ष उत्पादन पनि राम्रो हुने अपेक्षा गरेका छौँ ।'
किसानका अनुसार सिक्टा सिँचाइ आयोजनाको पानीले वर्षामाथिको निर्भरता घटाउँदै खेतीपातीलाई सहज बनाएको छ । नहर प्रणालीबाट नियमित पानी उपलब्ध हुन थालेपछि बाँकेका विभिन्न क्षेत्रमा धान रोपाइँले गति लिएको छ । सिक्टा सिँचाइ आयोजनाले हालसम्म बाँके जिल्लाका करिब २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराएको जनाएको छ । आयोजनाअन्तर्गत निर्माणाधीन डुडुवा शाखा नहर सम्पन्न भएपछि सिँचाइ क्षेत्र विस्तार भई ३० हजारदेखि ३२ हजार हेक्टरसम्म पुग्ने अपेक्षा गरिएको छ ।
सिक्टा सिँचाइ आयोजनाका इन्जिनियर विकास विष्टले आयोजनाको मुख्य बाँध (हेडबक्र्स) बाट पूर्वी तथा पश्चिम मूल नहरमार्फत पानी सञ्चालन भइरहेको जानकारी दिए । उनका अनुसार ३१७ मिटर लम्बाइको बाँधबाट पूर्वी र पश्चिम मूल नहरमा पानी वितरण गरिँदै आएको छ । पूर्वीतर्फ फत्तेपुरका विभिन्न शाखा तथा राजकुलोमा पानी प्रवाह भइरहेको छ भने पश्चिमतर्फ सिद्धनिया, अक्कलघरवा, गोहवा, पिडारी, पर्सेनिपुर र गुरुवागाउँलगायत शाखामा सिँचाइका लागि पानी उपलब्ध गराइएको छ ।
इन्जिनियर विष्टले भने, 'सिक्टा सिँचाइ आयोजनाले पानी उपलब्ध गराउनुपर्ने करिब ४३ हजार हेक्टर क्षेत्रमध्ये हाल २२ हजार हेक्टरमा किसानलाई सिँचाइका लागि पानी दिइरहेका छौँ । डुडुवा शाखाले सिँचाइ गर्नुपर्ने १६ हजार हेक्टर क्षेत्रका लागि नहर निर्माणको काम भइरहेको छ ।'
उनका अनुसार डुडुवा नहर प्रणालीको निर्माण तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्माण कार्यको पहिलो वर्ष पूरा भइसकेको र बाँकी दुई वर्षभित्र डुडुवा शाखा, खजुरा शाखा तथा मानपुर शाखासहितका संरचना निर्माण सम्पन्न गरिनेछ ।
इन्जिनियर विष्टले भने, 'डुडुवा शाखा नहरको निर्माण सम्पन्न भएपछि १६ हजार हेक्टर क्षेत्रले सिँचाइ सुविधा पाउनेछ । यही गतिमा काम अघि बढे तीन वर्षभित्र बाँके जिल्लामा आयोजनाअन्तर्गत सिँचाइ गर्नुपर्ने ४३ हजार हेक्टर क्षेत्रफलमा पानी पुऱ्याउन सफल हुनेछौँ ।' हाल आयोजनाले ४३ हजार ६७५ हेक्टर क्षेत्रफलमा सिँचाइ सेवा विस्तार गर्ने लक्ष्य लिएको जानकारी दिँदै उनले डुडुवा शाखा सम्पन्न भएपछि कूल सिञ्चित क्षेत्र ३० देखि ३२ हजार हेक्टर पुग्ने बताए । इन्जिनियर विष्टका अनुसार प्रत्येक वर्ष असारको पहिलो वा दोस्रो सातादेखि किसानलाई ब्याड राख्न तथा रोपाइँका लागि आवश्यक पानी उपलब्ध गराइँदै आएको छ । उनले भने, 'असारको अन्तिमसम्म सिक्टा सिँचाइ आयोजनाले पानी उपलब्ध गराउन सक्ने अधिकांश क्षेत्रमा किसानको रोपाइँ कार्य सम्पन्न हुने विश्वास लिएका छौँ ।'
यस वर्ष बाँकेमा पर्याप्त वर्षा नभए पनि सिक्टा सिँचाइ आयोजनाले शिक्षादहरबाट पानी सञ्चालन गरेपछि जिल्लाका विभिन्न क्षेत्रमा धान रोपाइँ सुरु भएको छ । आयोजनाका अनुसार कोहलपुर नगरपालिका वडा नं ६, १० र १५, जानकी गाउँपालिका वडा नं ३, ४ र ५, वैजनाथ गाउँपालिका वडा नं ५ र ७, डुडुवा गाउँपालिका वडा नं २ र ५ तथा खजुरा गाउँपालिका वडा नं ४, ५, ६, ७ र ८ मा रोपाइँ सुरु भइसकेको छ ।
त्यसैगरी, राप्तीसोनारी गाउँपालिका वडा नं २, ३, ४, ५, ६ र ७ तथा नरैनापुर गाउँपालिका वडा नम्बर ६ मा किसानले सिक्टा नहरको पानी प्रयोग गरी धान रोप्न थालेका छन् । सिद्धनिया, अक्कलघरवा, गोहवा, पिडारी, पर्सेनिपुर र गुरुवागाउँ शाखा नहरमार्फत पानी पुगेपछि ती क्षेत्रका किसान रोपाइँमा व्यस्त भएका छन् ।

# विद्युत् महसुलमा ५० प्रतिशत अनुदान

**ताप्लेजुङ ।**
ताप्लेजुङको सिदिङ्वा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ देखि ५० युनिटसम्म विद्युत् खपत गर्ने उपभोक्ताको विद्युत् महसुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने घोषणा गरेको छ ।
आइतबार सम्पन्न गाउँपालिकाको १९औँ गाउँ अधिवेशनमा अध्यक्ष मानबहादुर राईले आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै उक्त घोषणा गर्नुभएको हो । विद्युत् महसुलमा राहत दिने कार्यक्रमले न्यून तथा मध्यम आय भएका परिवारलाई प्रत्यक्ष लाभ पुग्ने गाउँपालिकाको अपेक्षा छ ।
गाउँपालिकाका सूचना अधिकारी रुद्र बेघाका अनुसार पालिकाभित्र रहेका दुई हजार ५०० भन्दाबढी घरधुरीमध्ये मासिक ५० युनिटसम्म विद्युत् खपत गर्ने परिवार उक्त कार्यक्रमबाट लाभान्वित हुनेछन् । पचास युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्ताको हकमा भने यो सुविधा लागू नहुने उनले जानकारी दिए ।
अध्यक्ष राईले 'एक घर एक करेसाबारी, प्राङ्गारिक तरकारी' नारासहित कृषिमा आत्मनिर्भरता बढाउने, किसानलाई प्रोत्साहन गर्ने तथा स्थानीय उत्पादन वृद्धि गर्ने विभिन्न कार्यक्रमसमेत सार्वजनिक गरे । 'स्वस्थ माटो, स्वस्थ उत्पादन' स्वस्थ भान्सा, स्वस्थ जीवन कार्यक्रमलाई प्रभावकारी बनाउन ल्याब सेवालाई निरन्तरता, प्राङ्गारिक मल उत्पादन र प्रयोग गर्नेलाई प्रोत्साहन गर्नुका साथै पशुपालनमा अनुदानको व्यवस्था गर्ने पनि उनको भनाइ छ ।
यसैबीच, गाउँपालिकाले आगामी आवका लागि ५३ करोड आठ लाख २६ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको गाउँसभा तथा अधिवेशनमा उपाध्यक्ष कृष्णकुमारी कँडरियाले बजेट प्रस्तुत गर्नुभएको हो । गाउँपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रम तथा बजेटमा विद्युत् महसुलमा अनुदान, कृषि उत्पादन वृद्धि, प्राङ्गारिक खेती प्रवद्र्धन तथा स्थानीय नागरिकको जीवनस्तर उकास्ने कार्यक्रमलाई प्राथमिकतामा राखिएको जनाएको छ । रासस

# मौवाफाँट–दग्नाम सडक स्तरोन्नति

**म्याग्दी ।**
म्याग्दीको रघुगङ्गा गाउँपालिका–४ दग्नाममा पक्की सडक निर्माण भएको छ । रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटदेखि दग्नाम–दर्मीजा–चिमखोला–घ्यासीखर्क जोड्ने सडकको औरी, बुग्ल र दग्नाम खण्डमा ढलान गरेर पक्की बनाइएको हो ।
रघुगङ्गा गाउँपालिका–४ का वडाध्यक्ष पविन गर्बुजाले यसअघि कच्ची अवस्थामा रहेको ग्ग्रेड र घुम्ती नमिलेको सडकलाई फराकिलो पार्ने, नाली र पर्खाल बनाएर ढलान गरिएको जानकारी दिए ।
'दग्नाममा विसं २०७४ मा सडकले जोडिएपछि चालु आर्थिक वर्षमा सङ्घीय सरकारबाट हालसम्मकै बढी तीन करोड रुपैयाँ बजेट बिनियोजन भएको थियो,' उनले भने, 'स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय कास्कीले ठेक्कामार्फत योजना सम्पन्न गरेपछि आवतजावत सहज र सुरक्षित भएको छ ।'
दग्नाम, दर्मीजा, चिमखोला, घ्याँसीखर्क, मङ्गलेखानी, चौरखानी र पाल्लेखर्क गाउँका बासिन्दाहरु लाभान्वित भएका छन् । अप्ठ्यारो ठाउँमा सडक फराकिलो पार्ने, पर्खाल, नाली निर्माण, ग्रेड र मोड सुधार तथा ढलान गरिएको छ ।
योजना निर्माणका लागि गत माघ १४ गते दुप्चेश्वर सुभम् विल्डर्सले दुई करोड ३९ लाख ९९ हजार चार सय १३ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । यही असार २० गतेसम्मको ठेक्काको म्याद रहे पनि गत जेठ २६ गते योजना सम्पन्न गरेको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताए ।
इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुत आफूले पाएको जिम्मेवारी समयअगावै सम्पन्न गरेको उनले बताए । कार्कीका अनुसार औरी, दवाङभिरमुनि र दग्नाम गाउँभित्र ९०० मिटर ढलान गरिएको छ ।
दग्नामको मुख्य गाउँभित्रको सबै सडक ढलान भएको छ । सडक पक्की बनेपछि दग्नाम गाउँ चिटिक्क देखिएको छ । धुलो र हिलोको समस्या समाधान हुनुका साथै यात्रा सहज र सुरक्षित भएको स्थानीय धनीलाल गर्बुजाले बताए । दग्नाम खोलामा कजवे र तीन ठाउँका खोल्सामा ह्युम पाइप राखिएको छ ।
मौवाफाँट–दग्नाम–चिमखोला–घ्याँसीखर्क सडकको मौवाफाँट, बुक्ल, दग्नाम पहिरो, चिमखोला क्षेत्रमा गत वर्ष दुई वर्ष शीर्षकका योजनामार्फत स्तरोन्नति भएको थियो । रघुगङ्गा गाउँपालिकाका तीन वटा वडालाई जोड्ने यो सडक जिल्लाको प्राथमिकताप्राप्त आयोजना हो । रासस

# मदनकृष्ण श्रेष्ठको जीवनीमा चलचित्र 'मदनकृष्ण' बन्ने

**काठमाडौँ ।**
कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित चलचित्र 'मदनकृष्ण' बन्ने भएको छ । सोमबार काठमाडौँमा पत्रकार सम्मेलनको आयोजना गर्दै निर्देशक मिलन चाम्सले चलचित्र निर्माण हुने जानकारी दिए ।
यसअगाडि 'बबी', 'ब्लाइन्ड रक्स' र 'अञ्जिला'जस्ता सफल 'बायोपिक' चलचित्र निर्देशन गरिसक्नुभएका निर्देशक चाम्सले यसले आफूलाई अवसर र चुनौतीसँगै दिएको बताए ।
'यो चलचित्र निर्देशन गर्न पाउँदा म निकै खुसी छु, सर्वप्रिय कलाकारको जीवनीलाई पर्दामा उतार्न पाउनु नै मेरा लागि अवसर हो । उनको जीवनीलाई पर्दामा ल्याउने तयारी हुँदै गर्दा धेरै कुराहरू थाहाँ पाएँ, उनको जीवनी चलचित्रभन्दा कम छैन,' निर्देशक चाम्सले भने ।
अभिनेता मदनकृष्ण श्रेष्ठले आफ्नो जीवनीलाई चलचित्रको पर्दामा ल्याउने तयारी गरिरहेका निर्माण समूहलाई धन्यवाद दिए । 'म आफूले सकेको काम गरिरहेको छु, स्वास्थ्यले साथ दिएसम्म शरीरलाई जबर्जस्ती भए पनि काममा लगाइरहनेछु । मेरो जीवनीलाई चलचित्रमा ल्याउन आट गर्नुहुने सम्पूर्ण टोलीलाई धन्यवाद । साथै, यो यात्रामा मसँगै ह अर्थात् हरिवंशको पनि उत्तिकै साथ र भूमिका छ । मेरो जीवनी उन बिना अधुरो र अपुरो छ । त्यसैले म पछाडि हरिवंशको पनि जीवनी पर्दामा ल्याइने भनेपछि मैले मेरो बारेमा चलचित्र बनाउन सहमति दिएको हुँ,' अभिनेता श्रेष्ठले भने ।




अभिनेता श्रेष्ठले चलचित्रमा आफ्नो भूमिका निर्वाह गर्नुहुने कलाकार महेश त्रिपाठीको कामको चर्चा गर्दै सुहाउँदो कलाकार छनोट भएको बताए । 'मेरो र महेशजीको पुराना तस्बिर हेर्ने हो भने उस्तै देखिन्छ, अभिनय त उनले गज्जबै गर्नुहुन्छ । राम्रो चलचित्र बन्छ भन्नेमा पूर्ण विश्वस्त छु,' अभिनेता श्रेष्ठले भने ।
अभिनेता हरिवंश आचार्यले अभिनेता श्रेष्ठको जीवनी चलचित्रका लागि उपयुक्त भएकाले दर्शकका लागि प्रतिक्षित हुने विश्वास व्यक्त गरे । उनले मह जोडी बनेर आफूहरूले गरेका काम र सहकार्यसँगै अभिनेता श्रेष्ठको जीवनीका उतारचढावलाई कलात्मक ढङ्गले चलचित्रमा देख्न पाइने बताए । 'कोही कलाकारको नाम सानो होला, कसैको ठूलो होला । तर, सबैको जीवनीलाई लिएर चलचित्र बनाउन मिल्दैन, किनकी जीवनीमा चलचित्रका लागि चाहिने खुराक पाइँदैन । मदन दाईको जीवनीलाई मैले जति बुझेको छु, उनको उतारचढावले दर्शकलाई मनोरञ्जनसँगै एउटा सिकाइ पनि दिन्छ भन्ने लाग्छ । जुन समूहले चलचित्र बनाउने तयारी गर्नुभएको छ, त्यो देखेर म निकै आशावादी छु,' अभिनेता आचार्यले भने ।
अभिनेता श्रेष्ठलाई आफ्नो अभिभावकका रुपमा मान्दै आएको र सहयात्राको ४६ वर्ष पूरा भइसकेको अभिनेता आचार्यले बताए । उक्त चलचित्रमा अभिनेता श्रेष्ठसँगै मह सञ्चारसँग जोडिएका किरण केसी, राजाराम पौडेल, गौरीशङ्कर धुजु, नरेन्द्र कंशाकारको पनि सहकार्य रहनेछ । यस्तै, यम थापाको लेखनमा तयार हुने उक्त चलचित्रमा अभिनेत्री केकी अधिकारी, यमन श्रेष्ठ, रुषा न्यौपाने, देशभक्त खनालगायत कलाकारको अभिनय रहनेछ ।
कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, गायिका आनी छोइङ डोल्मा, गायक प्रेमराजा महत, निर्देशक लक्ष्मण सुवेदी, सुदन केसीलगायतको उपस्थिति थियो । चलचित्रको छायाङ्कन भदौदेखि सुरू हुने कार्यक्रममा जानकारी दिइयो । रासस

# पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महिलाहरूको प्रजनन स्वास्थ्य संरक्षण तथा पाठेघरको मुखको क्यान्सरको समयमै पहिचान र रोकथाम गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिका–९ मा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।
शिविरमा महिलाहरूको प्रजनन स्वास्थ्यसँग सम्बन्धित विभिन्न समस्याको परीक्षण, उपचार परामर्श तथा पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक पहिचानका लागि आवश्यक परीक्षण गरिएको थियो।
वडा नम्बर ९ का वडाध्यक्ष परमेश्वर साहले पछिल्लो समय महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको जोखिम बढ्दै गएको अवस्थामा जनचेतना अभिवृद्धि तथा रोगको प्रारम्भिक पहिचानका लागि शिविर आयोजना गरिएको बताए । उनले नियमित स्वास्थ्य परीक्षणको अभाव र रोगबारे पर्याप्त जानकारी नहुँदा धेरै महिला जटिल अवस्थामा पुग्ने गरेको उल्लेख गर्दै यस्ता कार्यक्रमले समुदायस्तरमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे।
जनकपुरधाम उपमहानगरपालिकाको स्वास्थ्य शाखाकी सुनिता यादवका अनुसार नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानअन्तर्गत उक्त कार्यक्रम सञ्चालन गरिएको हो । उनले महिलाहरूको स्वास्थ्य अवस्थालाई प्राथमिकतामा राख्दै उपमहानगरपालिकाले प्रत्येक वडामा पाठेघरको मुखको क्यान्सरसँग सम्बन्धित निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिरहेको जानकारी दिइन्।
उनका अनुसार हालसम्म उपमहानगरपालिकाका १२ वटा वडामा यस्ता शिविर सम्पन्न भइसकेका छन् भने बाँकी वडाहरूमा पनि क्रमशः शिविर सञ्चालन गरिनेछ।
शिविरमा सहभागी स्थानीय महिलाहरूले निःशुल्क स्वास्थ्य परीक्षण तथा विशेषज्ञ परामर्श सेवा प्राप्त गर्न पाएकामा खुसी व्यक्त गरेका छन् । उपमहानगरपालिकाले महिलाहरूको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि यस्ता जनस्वास्थ्य केन्द्रित कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# ईशनाथ नगरपालिकाको बजेट ५२ करोड ३० लाखः पूर्वाधार, स्वास्थ्य र शिक्षामा विशेष जोड





**हरिशंकर शर्मा**
**रौतहट।**
रौतहटको ईशनाथ नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि '५२ करोड ३० लाख ७० हजार रुपैयाँको बजेट' सार्वजनिक गरेको छ । सोमबार आयोजित नगरपालिकाको १३औँ नगरसभामा उपप्रमुख मोहम्मद प्रवेजले प्रस्तुत गरेको बजेटमा स्वास्थ्य, शिक्षा, कृषि, सडक पूर्वाधार तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राख्दै समृद्ध र आत्मनिर्भर नगर निर्माणको लक्ष्य अघि सारिएको छ।
नगरपालिकाले प्रस्तुत गरेको बजेटमध्ये ३२ करोड ८ लाख ८० हजार रुपैयाँ (६१.३४ प्रतिशत), चालु खर्चतर्फ तथा २० करोड २१ लाख ९० हजार रुपैयाँ (३८.६६ प्रतिशत), पुँजीगत खर्चतर्फ विनियोजन गरिएको छ । सीमित स्रोत र साधनबीच नागरिकका आधारभूत आवश्यकतालाई सम्बोधन गर्दै विकासलाई गति दिने उद्देश्यका साथ बजेट ल्याइएको नगरपालिकाले जनाएको छ।

**स्वास्थ्य क्षेत्रमा ४ करोड ४९ लाख**

नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै '४ करोड ४९ लाख रुपैयाँ' विनियोजन गरेको छ । गर्भवती महिलाको स्वास्थ्य सुरक्षाका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिने भएको छ भने औरैया र डुमरिया प्रसूति गृहमा विशेषज्ञ चिकित्सकसहित भिडियो एक्स–रे सेवा उपलब्ध गराइनेछ।
नगरका नौवटै स्वास्थ्य संस्थामा मोबाइल टोलीमार्फत पोर्टेबल यूएसजी सेवा सञ्चालन गरिने व्यवस्था गरिएको छ । महिला स्वास्थ्य स्वयंसेविकाका लागि २५ लाख ९२ हजार रुपैयाँ छुट्याइएको छ । स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, उपकरण, औषधि तथा उपचारात्मक सेवाको विस्तार गरिने नगरपालिकाले जनाएको छ।

**पूर्वाधार विकासमा सबैभन्दा ठूलो लगानी**

नगरपालिकाले आगामी वर्ष पनि पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ । सडक विस्तार, स्तरोन्नति तथा कृषि सडक निर्माणका लागि पर्याप्त बजेट व्यवस्था गरिएको छ।
पूर्वाधार विकास शीर्षकमा मात्रै '१२ करोड १५ लाख रुपैयाँ' विनियोजन गरिएको छ । यस बजेटबाट नगरका विभिन्न वडामा सडक निर्माण, मर्मत, ढल तथा अन्य भौतिक संरचना निर्माण गरिनेछ । कृषि उत्पादनलाई बजारसँग जोड्न ग्रामीण सडक सञ्जाल विस्तारलाई विशेष महत्व दिइएको छ।

**शिक्षामा गुणस्तर सुधारको अभियान**

शिक्षा क्षेत्रका लागि नगरपालिकाले विद्यालय पूर्वाधार, प्रविधिमैत्री शिक्षण र शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिएको छ । वडा नम्बर ७ स्थित बिपी कोइराला माध्यमिक विद्यालय घिउरामा भवन निर्माणका लागि '१ करोड ८० लाख रुपैयाँ' विनियोजन गरिएको छ।
साझेदारी कार्यक्रमअन्तर्गत विद्यालय पूर्वाधार विकासका लागि ५६ लाख रुपैयाँ छुट्याइएको छ। सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडान, पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना गरिनेछ। विषयगत शिक्षक अभाव भएका विद्यालयमा नगर स्वयंसेवक शिक्षक कार्यक्रमलाई निरन्तरता दिँदै यसका लागि '२६ लाख ६४ हजार रुपैयाँ' विनियोजन गरिएको छ।

**कृषि र पशुपालनमा उत्पादन वृद्धि लक्ष्य**

नगरपालिकाले कृषि क्षेत्रलाई आर्थिक समृद्धिको आधार मानेर सिंचाइ, कृषि विद्युतीकरण र पशुपालनलाई प्रोत्साहन गर्ने नीति लिएको छ । साना सिंचाइ योजनाका लागि '४९ लाख रुपैयाँ' विनियोजन गरिएको छ।
कृषि प्रयोजनका लागि पोल, तार तथा ट्रान्सफर्मर व्यवस्थापन गरिनेछ। पशु रोग नियन्त्रण, निःशुल्क औषधि वितरण, कृत्रिम गर्भाधान, पशु उपचार शिविर तथा घाँस खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ । कृषकलाई आधुनिक र व्यवसायिक खेतीतर्फ आकर्षित गर्ने लक्ष्य बजेटले लिएको छ।

**महिला, दलित र लक्षित वर्गलाई प्राथमिकता**

महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा शहीद परिवारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न '१३ लाख रुपैयाँ' विनियोजन गरिएको छ । महिला सशक्तीकरण, नेतृत्व विकास, आयआर्जन तथा सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन गरिने नगरपालिकाले जनाएको छ।

**सूचना प्रविधि र सुशासनमा जोड**

नगरपालिकाले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग बढाउने नीति लिएको छ । नगरपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाउने, पत्रकारहरूसँग नियमित अन्तरक्रिया गर्ने तथा जनतालाई सूचना पहुँच सहज बनाउने कार्यक्रम बजेटमा समेटिएको छ।
नगरभित्रका सम्पूर्ण कार्यालय तथा संस्थाको डाटा व्यवस्थापनका लागि 'डाटा सेन्टर' स्थापना गर्ने योजना पनि बजेटमा समावेश गरिएको छ । यसले डिजिटल सुशासनलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

**संघीय र प्रदेश सरकारबाट मुख्य स्रोत**

आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि संघीय सरकारको राजस्व बाँडफाँट, समानिकरण, सशर्त, समपूरक तथा विशेष अनुदान प्रमुख स्रोतका रूपमा रहेका छन् । साथै प्रदेश सरकारको अनुदान, सडक बोर्डको सहयोग, स्थानीय राजस्व बाँडफाँट तथा आन्तरिक आयबाट समेत बजेट व्यवस्थापन गरिनेछ ।नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ मा खर्च नभई बचत हुने '१ करोड ५५ लाख ४५ हजार रुपैया' समेत आगामी वर्षका लागि स्रोतका रूपमा समावेश गरेको छ।

**समृद्ध ईशनाथ निर्माणको प्रतिबद्धता**


नगरपालिकाले स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार, सामाजिक न्याय, रोजगार, वातावरण संरक्षण तथा सुशासनलाई केन्द्रमा राखेर बजेट ल्याएको जनाएको छ। सीमित स्रोतका बाबजुद नागरिकको जीवनस्तर उकास्ने, विकासको पहुँच सबै वडासम्म पुऱ्याउने तथा आत्मनिर्भर र समृद्ध ईशनाथ निर्माण गर्ने लक्ष्यसहित बजेट सार्वजनिक गरिएको नगरपालिकाको दाबी छ ।नगरसभामा प्रस्तुत बजेटमाथि छलफलपछि पारित गरिनेछ भने यसको प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा नगरवासीको सक्रिय सहकार्य आवश्यक रहेको नगरपालिकाले जनाएको छ।

# मधेशको बजेट यसवर्ष पनि शंकाकै घेरामाः मिश्र



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका नेता मनिष मिश्रले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट विकास, उत्पादन, लगानी र रोजगारीलाई प्राथमिकतामा राखेर ल्याइएको भए पनि यसको वास्तविक सफलता कार्यान्वयन क्षमतामा निर्भर रहने बताएका छन्।
मिश्रले सार्वजनिक गरेको बजेटसम्बन्धी विस्तृत विश्लेषणमा बजेटले विकास निर्माण र पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको स्पष्ट संकेत गरेको बताएका छन्।
उनले बजेटका स्रोतहरूको विश्लेषण गर्दा प्रदेशको वित्तीय आधार अझै कमजोर देखिएको बताए । बजेटको ३१.२ प्रतिशत हिस्सा संघीय राजस्व बाँडफाँट र २३.१ प्रतिशत संघीय अनुदानबाट प्राप्त हुने अनुमान गरिएको छ। यसबाहेक १४.८ प्रतिशत गत वर्षको नगद मौज्दात पनि बजेटको स्रोतका रूपमा समावेश गरिएको छ।
मिश्रका अनुसार आन्तरिक राजस्व तथा अन्य प्राप्तिबाट जम्मा २७.३ प्रतिशत स्रोत जुट्ने अनुमान गरिएको छ, जसले प्रदेशको वित्तीय स्वायत्तता अझै बलियो हुन नसकेको देखाएको बताएका छन्।
मधेश प्रदेशको अर्थतन्त्रको मुख्य आधार कृषि भएकाले बजेटले कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, कृषि व्यवसायीकरण र मूल्य शृंखला विकासलाई प्राथमिकतामा राखेको मिश्रले बताए।
तर प्रदेशमा सिँचाइ सुविधाको सीमित पहुँच, मल तथा बीउको अभाव, कृषि ऋणमा कठिनाइ र कृषि उत्पादनको बजार सुनिश्चित नहुने समस्याले किसानहरू अझै प्रभावित रहेको उनको जिकीर छ।
मिश्रले उद्योग, व्यापार र लगानी प्रवद्र्धनका लागि एकद्वार सेवा प्रणाली लागू गर्ने तथा औद्योगिक वातावरण सुधार गर्ने नीतिलाई सकारात्मक रूपमा मूल्यांकन गरेका छन्।
उनले वीरगंज–सिमरा औद्योगिक करिडोर तथा सीमा व्यापारको सम्भावना उपयोग गर्ने प्रयास पनि स्वागतयोग्य रहेको उनले बताएका छन् । तर मधेशमा उद्योग स्थापना र विस्तारका लागि विद्युत् आपूर्ति तथा प्रसारण, जग्गा व्यवस्थापन, प्रशासनिक झन्झट र दक्ष जनशक्तिको अभावजस्ता समस्याहरू समाधान नगरेसम्म अपेक्षित लगानी भित्र्याउन कठिन हुने उनको भनाइ छ।
बजेटले श्रम बैंक, सीप विकास तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाको अनुभव उपयोग गर्ने कार्यक्रम प्रस्ताव गरेको छ।
मिश्रका अनुसार यी कार्यक्रमहरू सकारात्मक भए पनि रोजगारी सिर्जनाका स्पष्ट लक्ष्य र मापनयोग्य परिणाम सूचक अझै कमजोर देखिन्छन् । मधेश प्रदेशमा युवाको व्यापक पलायन अहिले पनि प्रमुख सामाजिक–आर्थिक चुनौतीका रूपमा रहेको उनले उल्लेख गरेका छन्।

# छिन्नमस्तामा निजी विद्यालयको आन्दोलन



**मधेशदृष्टि**
**राजविराज।**
सप्तरीको छिन्नमस्ता गाउँपालिकामा सञ्चालित संस्थागत (निजी) विद्यालयका सञ्चालकहरू थप कक्षा सञ्चालनको अनुमति माग्दै आन्दोलनमा उत्रिएका छन् । उनीहरूले असार ५ गते गाउँपालिकामा ज्ञापनपत्र बुझाउँदै ४८ घण्टाभित्र अनुमति प्रदान गर्न माग गरेका थिए।
माग पूरा नभए कडा आन्दोलन गर्ने चेतावनी दिएका विद्यालय सञ्चालकहरूले शिक्षक तथा विद्यार्थीलाई समेत आन्दोलनमा सहभागी गराउँदै नगर परिक्रमा गराएको गाउँपालिकाले जनाएको छ।
गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीका अनुसार बालबालिकालाई आन्दोलनमा प्रयोग गर्नु कानुनी रूपमा स्वीकार्य नभए पनि निजी विद्यालयहरूले विद्यार्थीलाई सडकमा उतारेर दबाब सिर्जना गर्ने प्रयास गरेका छन्।
निजी विद्यालयहरूको माग सम्बोधन गर्न गाउँपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सन्तोषकुमार रायको संयोजकत्वमा एक अध्ययन समिति गठन गरिसकेको छ । समितिमा शिक्षा विकास तथा समन्वय एकाइ र शिक्षक महासंघका प्रतिनिधिहरू सदस्य रहेका छन् । उक्त समितिलाई १५ दिनभित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ।
गाउँपालिकाका अनुसार समस्या समाधानका लागि प्रक्रिया अघि बढिसकेको अवस्थामा समेत केही विद्यालय सञ्चालकहरूले शिक्षक र विद्यार्थीलाई प्रयोग गरी अनावश्यक दबाब सिर्जना गर्ने तथा असहज वातावरण बनाउन खोजिरहेका छन्।
अध्यक्ष चौधरीले अनुगमनका क्रममा अधिकांश निजी विद्यालयले 'संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९' मा उल्लेखित आधारभूत मापदण्डसमेत पूरा नगरेको पाइएको बताए । उनका अनुसार धेरै विद्यालयको भवन नक्सापास नभएको, सार्वजनिक विद्यालयसँग कायम गर्नुपर्ने न्यूनतम दूरीको पालना नगरिएको तथा अन्य आवश्यक प्राविधिक मापदण्डसमेत पूरा नभएको अवस्था भेटिएको छ।
यही कारण थप कक्षा सञ्चालनको अनुमति दिन गाउँपालिका हतारिएको छैन । कानुनी तथा प्राविधिक प्रक्रिया पूरा भएपछि मात्र आवश्यक निर्णय लिइने गाउँपालिकाको भनाइ छ।
यसैबीच, छिन्नमस्ता गाउँपालिकाका केही संस्थागत विद्यालय गैरकानुनी रूपमा सञ्चालन भएको आरोपमा यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीसमेत परेको थियो । उक्त उजुरीमाथि अख्तियारको इटहरी कार्यालयले अनुसन्धान गरिरहेको बताइएको छ।
गाउँपालिकाले कानुन र मापदण्डको पालना गर्दै शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन प्रतिबद्ध रहेको जनाएको छ भने विद्यालय सञ्चालकहरूले आफ्नो माग शीघ्र सम्बोधन हुनुपर्ने अडान कायम राखेका छन्।

# जसपा नेपालले उठाउँदै आएको एजेण्डा केन्द्रमा पुगेको छः उपेन्द्र




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले गएको निर्वाचनमा पार्टी राजनीतिक रूपमा पराजित नभएको बताएका छन्।
जसपा नेपालले लामो समयदेखि उठाउँदै आएका मुद्दाहरू अहिले राष्ट्रिय बहसको केन्द्रमा पुगेकाले पार्टीको राजनीतिक एजेन्डा अझ सशक्त बनेको उनको दाबी छ । जनकपुरधाममा आयोजित धनुषा जिल्लाका अगुवा कार्यकर्ताहरूको भेलालाई सम्बोधन गर्दै यादवले संघीयता, समावेशिता, सीमान्तकृत तथा बहिष्कृत समुदायको अधिकार, सुशासन र भ्रष्टाचारविरुद्धका मुद्दा जसपा नेपालले निरन्तर उठाउँदै आएको बताए । उनका अनुसार मधेश आन्दोलन र जसपाले उठाएका यिनै मुद्दाहरू आज देशव्यापी बहसको विषय बनेका छन्।
'जसपा नेपालले उठाएका मुद्दाकै वरिपरि अहिले राष्ट्रिय राजनीति घुमिरहेको छ,' उनले भने।
यादवले वर्तमान संविधानमा धेरै सकारात्मक प्रावधान भए पनि केही गम्भीर त्रुटिहरू रहेको विषय जसपा नेपालले सबैभन्दा पहिले उठाएको स्मरण गराए । संविधानका सकारात्मक पक्षहरू जोगाउँदै आवश्यक संशोधनमार्फत कमजोरी सच्याउनुपर्ने उनको भनाइ थियो।
उनले वर्तमान सरकारले जनताबाट संविधानका त्रुटि सच्याउने र सुशासन कायम गर्ने म्यान्डेट पाएको उल्लेख गर्दै ती विषयमा काम भए जसपा नेपालका एजेन्डा अघि बढ्ने बताए । तर सरकारले यी मुद्दा सम्बोधन गर्न नसके पार्टी पुनः आन्दोलनमा जान बाध्य हुने चेतावनी दिए।
यादवले गएको निर्वाचनमा पार्टी आन्तरिक तथा बाह्य दुवै कारणले अपेक्षित परिणाम हासिल गर्न नसकेको स्वीकार गरे । उनले पार्टीलाई सुधार र पुनर्गठन गर्ने आवश्यकता औंल्याउँदै त्यसको सुरुवात नेतृत्वबाटै हुने बताए।
'निर्वाचनमा पराजित भए पनि संघीयता, गणतन्त्र र प्राप्त उपलब्धिको रक्षा गर्दै जनताको बीचमा जाने जिम्मेवारी हामीसँग छ,' उनले भने।
कार्यक्रममा जसपा नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारीले लोकतन्त्रमाथि चुनौती बढ्दै गएको बताए। उनले राजनीतिक नेतृत्वले समयमै सक्षम उत्तराधिकारी तयार गर्न नसक्दा लोकतान्त्रिक प्रणाली कमजोर बन्न पुगेको टिप्पणी गरे।
भण्डारीले अब नेतृत्व हस्तान्तरणको समय आइसकेको भन्दै युवापुस्तालाई अगाडि ल्याउनुपर्नेमा जोड दिए। आफू पनि कार्यकर्ताको आग्रहमा मात्रै पछिल्लो निर्वाचनमा उम्मेदवार बनेको उल्लेख गर्दै अब नयाँ पुस्ताले नेतृत्व सम्हाल्नुपर्ने धारणा राखे।
'अब हामी पदमा होइन, अभिभावकीय भूमिकामा रहन चाहन्छौं। नेतृत्व युवापुस्तालाई हस्तान्तरण गर्नुपर्छ,' उनले भने।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन